
# धर्मकीर्ति

## THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



DHARMAKIRTI

**ज्या: पुन्ही**

वर्ष-२५; अङ्क-३

बिक्रम सम्वत् २०६४

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन ।

## ■ विषय–सूचि ■


| क्रसं | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध–वचन | – | १ |
| २. | सम्पादकीय– बुद्ध र जातीय भेदभाव | – | २ |
| ३. | धर्म दर्शन | – सत्यनारायण गोयन्का | ३ |
| ४. | २५५० औं बुद्धजयन्तीको हुलाक टिक | – मदनरत्न मानन्धर | ५ |
| ५. | धर्मको आस्थामा ह्रास | – प्रा.डा. गणेश माली | ७ |
| ६. | मिलिन्द–प्रश्न–१ | – अनुवादक: आनन्द प्रधान | ९ |
| ७. | धम्मपद–२००० | – रीना तुलाधर | ११ |
| ८. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरु | – | ११ |
| ९. | शाक्यमुनि विहार दक्सार एक चिनारी | – कृष्णमान शाक्य | १२ |
| १०. | शीलया न्ह्यसु विपश्यना | – भरतराज चित्रकार | १३ |
| ११. | बनेपा बाल आश्रम (मेसा सेन्टर) लाई सहयोग | – | १३ |
| १२. | भाग्य र पुरुषार्थ | – नरेन्द्रनाथ भट्टराई | १४ |
| १३. | धर्मकीर्ति विहार–गतिविधि | – | १५ |
| १४. | जीवन या परिभाषा | – शान्तवीर शाक्य | २१ |
| १५. | धर्म प्रचार–समाचार | – | २२ |
| १६. | बुद्ध आज भए ... ... । | – सुमेधावती | २४ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया छ्गु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

[illegible]
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५, ४२२ ४९१२

[illegible]
[illegible] महर्जन
फोन: ४२५ [illegible]
[illegible] महर्जन
फोन: [illegible]

सह-सम्पादक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

कार्यालय:
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
e-mail: dharmakirtivihar@mail.com.np
पोष्ट बक्स नं. ४९१२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत [illegible]
नेपाल सम्वत [illegible]
इस्वी सम्वत २००७
विक्रम सम्वत [illegible]

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ७/- |

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
*A Buddhist Monthly*

**JULY 2007**

वर्ष- २५ | अङ्क- ३ | आषाढपुन्हीं | आषाढ २०६४




★ जसरी माकुरोले आफैले बुनेको जालमा फँसी व्यर्थमा जीवन सखाप पारिरहन्छ, त्यसरी नै रागमा लिप्त रहने व्यक्ति पनि तृष्णा रुपी जालमा फसिरहेको हुन्छ । तर धीरजनहरूले भने यस प्रकारको व्यर्थको जाललाई काटी इच्छा रहित बन्दै सबै दुःखलाई त्यागी प्रव्रजित जीवन जिउँछन् ।

★ ★ ★

★ पहिला पहिलाका, अहिलेको र पछिको आशालाई त्याग गरी संसारबाट पार हुँदै जानु, सबै प्रकारले चित्त विमुक्त रहन सक्ने व्यक्तिले आत्र फेरि यस संसारमा जन्म, मरण हुनु पर्ने छैन ।

★ ★ ★

★ नाना प्रकारका वितर्क गरी मनमा तीव्र दोब्बर राग संगाली शुभ (राम्रो) भन्दै भ्रमपूर्ण चित्तले हेर्ने व्यक्तिको तृष्णा झन झन बढ्दै जाने हुनाले यसले नै उसलाई बन्धनमा पार्नेछ ।

★ ★ ★

# बुद्ध र जातीय भेदभाव

भगवान् बुद्धले धर्मप्रचार गर्नुहुँदा सर्वप्रथम मानिसहरू सदाचार सम्पन्न भई कर्त्तव्यपरायण हुनुपर्ने विषयमा जोड दिनुभएको थियो। त्यसपछि समाज सुधारको लागि उहाँले एउटा साँस्कृतिक क्रान्तिको अभियान चलाउनु भयो । यही सिलसिलामा उहाँले भन्नुभयो– **"न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो, कम्मना वसलो होति ब्राह्मणो"**। अर्थात्– जन्मले कोही पनि नीच हुँदैन जन्मले कोही न ब्राह्मण नै हुन्छ। कर्मले (आ-आफ्नो कामले) नै नीच र ब्राह्मण हुनेछ।

वैदिक कालदेखि ब्राह्मणहरूलाई ब्रह्माको मुखबाट र दलितवर्गलाई ब्रह्माको खुट्टाबाट जन्मेका हुन् भनी मिथ्या धारणा फैलाएको हुनाले यही कथनले समाजमा असमानता र अशान्ति फैलाइरहेको देखिन्छ। अझ यस मिथ्या कथनलाई धर्मशास्त्रमा लेखिएको छ भनी प्रचार गरिएको हुनाले समाजमा जातीय भेदभावको संस्कारले जरो गाडिएको पाइन्छ। यसले गर्दा एक जातीले अर्को जातीको व्यक्तिलाई कुकुर भन्दा तल्लो श्रेणीमा राखी व्यवहार गर्ने चलन रहेको पाइन्छ। समाजमा व्याप्त रहेको यस्तो छुवाछूतको भेदभाव जस्तो रोगले आजसम्म गाउँघरमा सरुवा रोगको रूप धारण गरेको देखिन्छ।

अझ बुद्धकालिन समयमा त छुवाछुतको भेद्भावले निकै चर्को रूप लिएको पाइन्छ। त्यो बेला दलित वर्गले छोएको पानी कसैले नखाने चलन थियो। ब्राह्मणहरूले बसोवास गरेको ठाउँको इनारमा दलित जातीले छुन मनाही गरिन्थ्यो। यस्तो अवस्थामा भगवान् बुद्धले ठूलो क्रान्तिकारी कदम उठाउनुभयो। जन्मले कोही पनि ब्राह्मण हुँदैन न त जन्मले कोही नीच नै हुन्छ। यस विषयलाई सार्थक गराउन भगवान बुद्धले जातीय भेदभाव विरुद्ध बोल्नु भएको मात्र होइन विनीत नाम गरेका एक दलितलाई भिक्षु बनाई भिक्षुसंघमा समावेश गराइदिनु भएको थियो। यसरी नीच जातीमा गनिएका एक व्यक्तिलाई उच्च र पूज्य बन्ने मौका प्रदान गरिदिनुभयो। यसरी नै उपाली नाम गरेको हजामलाई पनि भगवान् बुद्धले भिक्षु बनाई माथि उक्लने मौका प्रदान गरिदिनु भएको थियो। भिक्षु उपालीले पनि मेहनत पूर्वक धर्मको अभ्यास गर्नुभई विनयधारी बनी उच्च ओहदामा पुग्न सफल हुनुभयो।

आजको युगलाई वैज्ञानिक युग भनिन्छ। तर आजको २१ औं शताब्दिमा पनि गाउँ गाउँमा अशोभनिय रूपमा छुवाछुत, जातपातको भेदभाव रहेको खबर सुन्न परिरहेको छ। त्यसैले नयाँ नेपाल बनाउने योजनालाई यो कुप्रथा बाधक बनेको देखिन्छ। छुवाछुत र जातपातको भेदभाव एउटा क्यान्सर रोग जस्तो भएको छ। यसले गर्दा अन्तर जातीयसंग विवाह हुँदा कतै कतै नव विवाहितहरूलाई गाउँबाटै निस्कासित गरिदिएको समाचार सुन्न पर्दा नरमाइलो लाग्ने गर्छ।

हुनत हालैको अखवारमा शुभ संकेतको खवर आउन थालेको छ। पाँचथर जिल्लालाई छुवाछुत मुक्त क्षेत्र घोषणा गर्ने स्थानिय राजनैतिक दलहरूको सामूहिक प्रतिबद्धता सम्बन्धि खबर अन्नपूर्ण पोष्टमा पढ्न पाउँदा यसले शुभ लक्षणको महशूस गराएको छ। पाँचथर संगैको इलाम जिल्लाबाट पनि त्यो घोषणाको थालनी भएको खबर पढ्न पायौं।

धेरैजस्तो शहरी क्षेत्रमा छुवाछूत र दलित व्यक्तिहरूसंग गरिने व्यवहारमा सकारात्मक परिवर्तन आएको देखिन्छ। तर पुराना पुस्ता र ग्रामीण भेगबाट दलितहरूप्रतिको छुवाछूत व्यवहार हटाउन कठिन परिरहेको छ। यता नेपालको भिक्षु संघमा त ब्राह्मण देखि सार्की जातीका व्यक्तिहरूलाई समेत भिक्षु संघमा समावेश गरी बुद्ध धर्मावलम्बीहरूले नौलो अभियान नै शुरु गरेको छ। खड्गी जातका उपासक उपासिकाहरूले गरेको भोजन निमन्त्रणा स्वीकार गरी भिक्षु भिक्षुणीहरू उनीहरूको घरमा भोजन खानको लागि जाने गर्छन्। अझ धर्मकीर्ति विहारमा त हरेक दिन श्रीघः विहार परिसरमा सफा गर्ने कुचिकारनीलाई भान्छासम्म बोलाई चिया खुवाउने गरिन्छ। यसले पनि बताइरहेको छ, बुद्ध धर्मले जातपातको भेदभावलाई स्वीकार गर्दैन। विहार विहारका बुद्ध पूजा कार्यक्रमहरूमा खड्गी जातका व्यक्तिहरू पनि निर्भयपूर्वक भाग लिने गर्छन् र दान दिन्छन्। तैपनि कतैकतै भेदभाव गर्ने कुसंस्कार अझ बाँकी नै रहेको देखिन्छ। तर शान्तिको चाहना राख्ने हो भने हामीले यस्ता अशोभनिय भेदभावलाई हटाउनु नै पर्दछ।



Downloaded from http://www.dhamma.digital

# धर्म दर्शन

■ सत्यनारायण गोयन्का

श्रेष्ठि अनाथपिन्डिक मन्त्रमुग्ध भएर एकटकले भगवानलाई हेरीरहेका थिए, भगवान उनी प्रति मंगलमैत्रीको अविरल वर्षा गर्दैहुनुहुन्थ्यो, धर्म अभिषेक गर्दै हुनुहुन्थ्यो। केही क्षण पछि अनाथपिन्डिकले भगवान बुद्ध समक्ष प्रश्न राखे– भन्ते, भगवान राति सुखपूर्वक सुत्नुभयो ?

भगवानले मिठासपूर्ण वाणीमा उत्तर दिनुभयो–

- जसले यस जीवनमा परिपूर्णरूपले नित्य, शास्वत, ध्रुव निर्वाणिक अवस्थाको साक्षात्कार गर्दछ, अरहन्त भएको त्यो व्यक्ति साँच्चै नै ब्राह्मण बन्दछ। यस्तो पापमुक्त ब्राह्मण सँधै सुख पूर्वक सुत्दछ। ऊ सबै दोषबाट मुक्त भएर काम-संतापबाट मुक्त शीतल हुन्छ। सबै आसक्तिहरूबाट टाढा भएर सँधै निर्भय हुन्छ। चित्त-शान्ति प्राप्त गरेर त्यो व्यक्ति सदा सुख पूर्वक सुत्दछ।

श्रेष्ठि यो कुरा सुनेर खुसीले दंग भए। साँच्चै कोही व्यक्तिको चित्त शान्तिले सम्पन्न छ भने नै बुद्ध हुन्छ। बुद्धले मात्रै यी धार्मिक सद्गुणहरू उपलब्ध गर्न सक्ने सही शिक्षा दिन सक्छ। अनाथपिन्डिक भगवानको सामू बसेर चित्तको शीतलताको अनुभव गर्दैथिए। उनी बुझीरहेका थिए कि यो एकजना धनी व्यक्तिलाई ठग्नको लागि कोही ढोंगी गुरुले दिइरहेको प्रवचन होइन। भगवान बुद्धको सामू बसेर श्रेष्ठिले आफू धन्य भएको अनुभव गर्दै थिए।

श्रेष्ठिको मन सद्धर्म सुन्न आतुर भएको अवस्था भगवानले थाहापाउनु भयो। अत: उहाँले धर्मको उपदेश दिनुभयो। क्रमश: प्रश्न उत्तर गर्दै धर्म सम्झाउनु भयो। धर्म सुनिरहेको श्रावक गृहस्थ थियो, व्यापारी थियो, धनवान थियो, धन संचय गर्ने कार्यमा संलग्न थियो। गृहस्थले धर्मपूर्वक र श्रमपूर्वक धन आर्जन गर्नु आवश्यक छ। यसमा कुनै दोष छैन। कसैको सामू हात फैलाउनु उसको लागि उचित छैन। तर धन प्रति धेरै आसक्ति भयो भने आर्जन र सम्वर्धन केवल संचय, संग्रह, परिग्रहमा नै सिमित हुन जान्छ र गृहस्थको आध्यात्मिक उन्नति गर्नमा बाधा हुनजान्छ। अत: पूर्व जन्मको धर्मकथा भनेर भगवानले सर्वप्रथम दान दिनुको महत्व बताउनु भयो। धन आर्जन गरेर आयको एक भाग जनहितको लागि दान दिएर पनि यदि शील धर्म पालन गर्न सकेन भने सुखी हुन सक्दैन। उसले दु:ख विमुक्तिको मार्ग प्राप्त गर्न सक्दैन। अत: भगवानले शीलपालनको अनिवार्यता बारे बताउनु भयो। शीलवान व्यक्ति यस जीवनमा त सुखी हुन्छ नै मरण पश्चात् पनि सद्गति प्राप्त गर्दछ। आफ्नो कर्म अनुसार सद्गति र दुर्गति प्राप्त हुने धर्म नियम बारे स्पष्ट पार्नु भयो। त्यसपछि सदा काम-भोगमा लिप्त भइरहने गृहस्थको क्लेशमय जीवनको हानी र विशुद्ध निष्काम जीवनको महानताको बारेमा बताउनु भयो। परचित्तज्ञानको सिद्धिद्वारा भगवानले आफ्नो बोधिचित्तबाट श्रेष्ठि आनाथपिन्डिकको चित्त धर्म उपदेश सुन्दा सुन्दा धर्मको गहराईसम्म बुझ्न सक्ने भइसकेको थाहापाउनु भयो। धनवान गृहस्थको अहंमय कठोरता पग्लेर अत्यंत मृदुल चित्त भइसकेको थियो। उनको चित्तबाट कामछन्द अर्थात् राग-रंजन, व्यापाद अर्थात् द्वेष-दुषण निक्लीसकेको थियो। शारीरिक र मानसिक आलस्य, मनको नरमाइलो पन, उथल-पुथल, शंका-संसयका सबै पर्दा खुलिसकेका थिए। उनको मन एकाग्र थियो, अचंचल थियो, श्रद्धासम्पन्न थियो, प्रसन्न थियो, निर्मल थियो। गम्भिर धर्म सिक्नको लागि सक्षम थियो। यो देखेर भगवानले चार आर्यसत्यको देशना गर्नुभयो। आर्यसत्य सबै बुद्धलाई सम्यक सम्बोधि प्राप्त गर्न त्यत्तिकै आवश्यक हुन्छन्। यी चार आर्यसत्य साक्षात्कार गरेर कोही पनि व्यक्ति यस भवचक्रलाई दुर्बल बनाउँदै त्यसलाई क्षीण गर्दछ र मुक्तिको मार्गमा अगाडि बढ्दै अरहंत अवस्था प्राप्त गर्दछ।

भवबन्धनमा रहेका दुखी प्राणीहरूका लागि यही नै सबभन्दा महत्वपूर्ण कुरा हो कि यस सत्य तथ्यलाई स्वअनुभूति द्वारा भवबन्धन दु:खदायी छ भनेर थाहापाउनु र त्यसको मूल कारण तृष्णा हो, आसक्ति हो भनेर थाहापाउनु, मृत्यु पश्चात नयाँ-जन्म दिलाइ यस दु:खद भवचक्र चालु राख्ने नै तृष्णा हो भनी थाहापाउनु अत्यन्त महत्वपूर्ण कुरा हो। यस दु:खबाट मुक्त हुने मूख्य उपाय नै शील, समाधि र प्रज्ञाको आठ अंग भएको मार्ग हो। यसैको अभ्यासले मुक्त अवस्था प्राप्त गर्न सकिन्छ। सबै सम्यक सम्बुद्धहरूले सत्यको यही खोजी गर्नु भएको थियो र यसैबाट मुक्त हुने मार्ग प्रशस्त गर्नुभएको थियो। उहाँहरू मुक्त भएर अन्यलाई विमुक्तिको मार्ग देखाउनुभयो। शीलको पालन गर्दै चित्तलाई एकाग्र गरेर आफू भित्रको नाम-रुप अर्थात चित्त र शरीरको अनित्यधर्मको प्रपञ्चलाई विपश्यना द्वारा अनासक्त भावले हेर्ने र हेर्दै-हेर्दै विकारबाट मुक्त हुने विधि सिकाउनुभयो। पूर्व जन्म दिने पूर्व संचित कर्म-संस्कारहरू यस प्रकार क्षय गर्दै-गर्दै निरोध अवस्था साक्षात्कार गर्दछ। यसरी नै इन्द्रियातीत परम सत्यको साक्षात्कार गर्दछ।

यसरी पीडित कोही पनि व्यक्ति नितान्त दु:ख विमुक्त हुन सक्दछ। दुखीलाई अरु के नै चाहिन्छ र ? दु:ख विमुक्ति त चाहिन्छ नी। रोगीलाई रोगविमुक्ति, कैदीलाई कैदमुक्ती। त्यसैले जुन कार्यले मुक्तिमा सहायक हुन्छ त्यही नै प्रासंगिक हुन्छ। तर जब कोही व्यक्ति कुनै सम्प्रदायमा बाँधिएको छ भने उसलाई सम्प्रदायको कर्मकाण्ड प्रति, त्यसको दार्शनिक मान्यताहरूको प्रति यति धेरै आसक्ति हुन्छ कि दु:ख विमुक्तिको थोरै प्रासंगिक मान्यतालाई धर्म मानेर, त्यहि क्रियाकलापहरूलाई धर्म मानेर फसिरहन्छ। यस्तो मनस्थिति भएको व्यक्ति शुद्ध विमुक्तिप्रदायक धर्मलाई सुन्दैन भने कसरी बुझ्दछ ? बुझ्दैन भने कसरी पालन गर्छ ? पालन गरेन भने त्यसबाट कसरी फाइदा लिन्छ ? वास्तविकताबाट टाढा काल्पनिक अन्धमान्यताको जीवन नै उसलाई प्रिय लाग्छ। यस्तो व्यक्ति धर्मको सत्य उपदेश सुन्न चाहँदैन। मेरो मान्यता के होला भनेर डराउँछ, मेरो कर्मकाण्ड, मेरो सम्प्रदाय के होला भनेर सोच्दछ।

तर सौभाग्यले अनाथपिण्डिक यस्तो शंकालु व्यक्तिहरू मध्ये थिएन। उनी भारत तथा भारतभन्दा बाहिर ठूलो

ब्यावसायिक प्रतिष्ठानहरूको कुशल संचालक थिए । अतः निश्चित बाटोमा अघि बढ्ने उनको बानी थियो । अर्थहीन भावनाको बदला यथार्थ जीवन उनको लागि महत्वपूर्ण थियो । अतः उनले दत्तचित्त भएर तटस्थ भई भगवानको धर्म उपदेश सुनिरहे । दुःख, जीवन जगतको एउटा ठोस सत्य हो । तृष्णा त्यसको मूल कारण हो । यी कुराहरू बुझ्न उनलाई गाह्रो भएन । तृष्णा उत्पन्न भएर त्यो पूर्ण भएन भने मनमा डाह हुन्छ, द्वेष-दौर्मनस्य उत्पन्न हुन्छ र त्यसको साथमा अन्य अनेक प्रकार का विकारहरू प्रजनन हुन थाल्छन्, त्यसको सम्बर्धन हुन थाल्छ, भित्रैदेखि त्यसको संचय हुन्छ जसबाट विकार उत्पन्न हुने अन्तर स्वभाव पुष्ट हुँदै जान्छ । परिणाम स्वरूप दुःखमा दुःख थपिँदै जान्छ । समस्त संसारको सारा सम्पत्ति एकत्र गरे तापनि विकार बाट मुक्त हुन सक्दैन । कुनै प्रकारको कर्मकाण्ड मानेर कुनै दार्शनिक मान्यतालाई नियम पूर्वक पालन गरेर अथवा पूरोहितद्वारा कुनै धार्मिक अनुष्ठान गरेर त्यसलाई भूलाएर राख्नु बाहेक केही हुँदैन । विकार-विमुक्त जीवनको यथार्थ सुख प्राप्त हुन सक्दैन । यी सबै कुरा उनले आफ्नो अनुभवद्वारा थाहापाइसकेका थिए । अतः उनलाई भगवानले दिनु भएको यथार्थमा आधारित उपदेश अति उचित लाग्यो, न्यायसंगत लाग्यो, बुद्धिसंगत लाग्यो । भगवानले उपदेश दिनुभयो- तृष्णा तथा सम्पूर्ण विकारहरूको शरीर र मनसंग गहिरो सम्बन्ध छ, यी दुबैको संसर्गबाट जुन दुःखद, सुखद अथवा असुखद-अदुःखद सम्वेदनाको अनुभूति हुन्छ त्यसको त झन सम्बन्ध छ । यी सम्वेदना र विकारहरूको प्रजनन र सम्बर्धन हुनुमा सीधा सम्बन्ध छ र त्यसको संवर, निर्जरा र क्षय हुनु पनि त्यत्तिक्कै सीधा सम्बन्ध छ । सम्वेदनाको अनुभूति भएपछि जब-जब अबोध अवस्थामा राग-द्वेषमयी तृष्णाको प्रतिक्रिया गर्दछ तब-तब विकार उत्पन्न भएर सम्बर्धन हुन थाल्दछ । यसरी नयाँ-नयाँ संस्कारहरूको थुप्रो बन्दछ । किनकी यो प्रतिक्रिया गर्ने चेतना नै त कर्म हो, कर्म संस्कार हो । यही सम्वेदना र त्यसको अनित्य स्वभावलाई साक्षीभावले हेर्न सकेमा विकार उत्पन्न हुने स्वभाव खतम हुँदै जान्छ । यसबाट नयाँ संस्कार बन्न पाउँदैन र पूरानो संस्कार क्षीण हुँदैजान्छ, निर्जरा हुँदैजान्छ, क्षय हुँदैजान्छ । यसरी नै अधोगति तिर लाने कर्मसंस्कार विस्तारै नष्ट हुँदै जान्छ निरोध-निर्वाणको नित्य, शास्वत, ध्रुव अवस्था पहिलो पटक साक्षात्कार हुन्छ र साधक मुक्तिको स्रोतमा पर्दछ ।

अनाथपिण्डिक भगवानको यो गम्भीर उपदेश ध्यानपूर्वक सुनीरहेका थिए । उनी अनेक जन्मको पारमिताले पूर्ण थिए । ती पारमिताहरूको बलले नै शुद्ध-धर्म सुन्ने र बुझ्न सक्ने भएका थिए । यसै पुण्य-बलको कारणले नै भगवानको उपदेश सुन्दा सुन्दै सारा शरीरमा उदय-व्ययको अनुभूति हुनथाल्यो । अनित्यबोधिनी प्रज्ञा स्थिर हुन थाल्यो । मुक्तिदायिनी समता पुष्ट हुन थाल्यो । उनले अनेकौं जन्ममा शुद्ध धर्मको सम्पर्कमा आएर आफ्नो पुण्य पारमिताहरू पुष्ट गरी आफ्नो मनलाई पर्याप्त मात्रामा शुद्ध बनाएका थिए । अधोगति तर्फ लाग्ने जुन थोरै कर्म संस्कार बचेको थियो त्यो पनि जागेर आयो र विपश्यना विद्याद्वारा ती पनि उप्किँदै क्षय हुँदै गयो । अतः भगवानको उपदेश पूरा हुने बेलासम्ममा त्यही आसनमा बस्दा बस्दै भित्र भित्रै विरज-विमल धर्मचक्षु उत्पन्न भयो । सबै काल्पनिक मान्यताहरूको पर्दा फाटिँदै गयो, सत्यको यथार्थ रूप अनुभव गर्न सक्ने क्षमता प्राप्त भयो । एक्दम मैलो कपडा सफासँग धोएर त्यसमा रंगाउँदा जसरी एक्दम चम्किन्छ त्यसरी नै उनको स्वच्छ मनमा शुद्ध धर्मको कल्याणकारी रंग रंगीन थाल्यो र उनलाई अचानक निरोध अवस्थाको अनुभूति भयो । शरीर र चित्तको समुदय र व्ययरूपी अनित्यधर्म स्वभावको अनुभव गर्दै गर्दै तरंगीत इन्द्रियातीत अवस्थाको अनुभव भयो । उनले यस सत्यलाई स्वअनुभवद्वारा थाहा पाए कि जे जति समुदयधर्म छन् ती व्ययधर्म छन् र ती निरोधधर्म पनि हुन् । समुदय र व्यय हुनु त्यसको स्वभाव हो तर अब थाहापाए कि यस समुदय-व्ययको जुन अनित्यधर्म स्वभाव क्षेत्र छ त्यसको पछाडि निरोध, निर्वाणको नित्य क्षेत्र पनि छ । अनाथपिण्डिकले दुबै क्षेत्रको अनुभव गरे । यी दुबै क्षेत्रको स्वयं दर्शन गरेर अर्थात् त्यसको अनुभव गरेर उनी स्रोतापन्न भए ।

अनाथपिण्डिकले धर्मको सत्यता आफ्नो अनुभवले जाने । वेदनाको सहाराले थाहापाए । अब उनले सद्धर्म प्रति संदेह गर्नु पर्ने कुनै स्थान रहेन । कुनै दार्शनिक मान्यतालाई लिएर वाद-विवाद गर्नु पर्ने कुनै कारण रहेन । भविष्यको प्रति कुनै डर रहेन । कुनै काल्पनिक अदृश्य सत्तामा आश्रित हुनु आवश्यक भएन । उनी धर्मको यथार्थ स्थानमा उभिएर स्वयं स्वाधीन भए, स्वतन्त्र भए । भगवानको शिक्षाको महत्व स्पष्टसंग बुझे । त्यसको उपादेयता राम्ररी बुझे । विकारशून्य चित्तमा यस्तो शान्तिको अनुभव भयो जुन पहिला न कुनै कर्मकाण्ड गरेर पाएका थिए न कुनै दार्शनिक मान्यतालाई अन्ध श्रद्धा पूर्वक मानेर पाएका थिए ।

उनी कृतज्ञता विभोर भए र भन्न थाले- कति प्रेरणा दायक र श्रेष्ठ छ भगवान तपाईंको यो अद्भुत शिक्षा ! जस्तो उल्टोलाई सीधा गरेको जस्तो, छोपिएकोलाई उघारीदिए जस्तो, अन्धकारमा तेलको दियो बालेर राखे जस्तो जुन प्रकाशमा आँखा भएको व्यक्तिले यथार्थलाई देख्न सक्छ । भगवान तपाईंले अनेक प्रकारले धर्मको सत्यता प्रकट गर्नु भयो । भन्ते म धन्य भएँ । म भगवानको, धर्मको र भिक्षु-संघको शरण ग्रहण गर्छु । भन्ते, आजदेखि मलाई आफ्नो श्रद्धालु उपासक स्वीकार गर्नुहोस् ।

त्यसपछि उनले श्रद्धा विभोर भएर भगवान सहित भिक्षु-संघलाई त्यसदिनको भोजनको लागि निमन्त्रणा दिए । तर त्यस दिनको भोजनको लागि त उनको सालो कहाँ निमन्त्रणा थियो त्यसैले त्यसपछिको दिनको लागि भगवान सहित भिक्षु-संघलाई आमन्त्रित गरे । भगवानले मौन रहेर स्वीकार गर्नु भयो ।

अनाथपिण्डिक घर फर्किंदा उनको मन एकदम प्रशन्नताले भरिएको थियो । उनले भगवान बुद्धको दर्शन गरेका थिए । नाम र रूप अर्थात् शरीर र चित्तको अनित्य - स्वभावधर्मको दर्शन गेरेका थिए र त्यसभन्दा अगाडि नित्य-स्वभावको निरोध-निर्वाण धर्मको दर्शन गरेका थिए । उनको मानव जीवन सफल भयो । धन्य भयो । धर्मगंगलले पूर्ण भयो ।■

*(साभार: वर्ष-२०, अङ्क-८, बुद्ध वर्ष २५४७)*



Downloaded from http://www.dhamma.digital

# २५५० औं बुद्धजयन्तीको हुलाक टिकट

■ मदनरत्न मानन्धर

२०६३ सालको असारको एकदिन– म कार्य विशेषले नेपाल फिलाटेलिक सोसाइटिका सल्लाहकार (निवर्तमान अध्यक्ष) श्री दिपक मानन्धरज्यूको घर गएको थिएँ। उहाँले आश्वीन पूर्णिमाको दिन बुद्ध जीवनीको कुनै घटनासंग सम्बन्धित छ कि भन्ने जिज्ञासा राख्नुभयो। भगवान बुद्धले त्रायत्रिंश देवलोकमा अभिधर्मको देशना पश्चात् उक्त पूर्णिमाको दिन पृथ्वीमा अवतरण भएको घटना बुद्ध जीवनमा उल्लेख रहेको कुरा बताएँ। त्यसपछि उहाँले यस बिषयमा पछि एक पल्ट फेरि कुरा गर्ने बताउनु भयो।

केहि दिन पश्चात सो पूर्णिमाको घटनाबारे छोटो जानकारी लेखेर दिन उहाँले आग्रह गर्नुभयो र मैलेपनि जाने जत्तिको ब्यहोरा लेखेर दिइ दिएँ। पछि हुलाक सेवा विभागका टिकट डिजाइनर श्री मोहन नर सिंह राणाज्यूसंगै भेटेर कुराकानी गर्ने कुरा उहाँले भन्नुभयो र कुराकानी पनि भयो। मैले सबै कुरा विस्तारपूर्वक राखें। उहाँले सोहि घटनालाई डिजाइन गरी हुलाक टिकट निकाल्ने निक्यौल गर्नुभयो र सो सम्बन्धि चित्र अथवा कुनै सामग्री भए उपलब्ध गराउन अनुरोध गर्नुभयो। साथै सरकारी स्तरबाटै काम हुने र औपचारिकता पनि चाहिने हुनाले आधिकारिक रूपमै सो विषयको जानकारी चाहिने तथा अनुरोध हुनुपर्ने कुरा निस्केपछि मैले पूज्य ज्ञानपूर्णिक भन्तेज्यू संग भेटाइ दिने निधो गरें। योजना अनुसार अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यू रहनु भएको विश्व शान्ति विहारमा गई उहाँसंग भेटघाट र विस्तृत छलफल भयो। टिकट निस्कने कुरा सुन्दा उहाँ अत्यन्तै प्रसन्न हुनुभयो र सकेसम्मको सहयोग गर्ने वचन दिनुभयो। अ.ने.भि.महासंघका सचिव भिक्षु कोण्डन्यज्यूबाट अनुरोध पत्र तथा सो पूर्णिमाको घटनाबारे विस्तृत विवरण उपलब्ध गराउनु भयो भने उहाँ तथा विभिन्न स्रोतबाट सो घटना सम्बन्धी चित्रहरू श्री राणाज्यूलाई उपलब्ध गराई दिएँ। केहि समय पश्चात उहाँले डिजाइन तयार पार्नु भयो।

भगवान बुद्धले आफ्नो सातौं वर्षावासको समय तीन महिना सम्म त्रायत्रिंश देवभूवनमा अभिधर्मको उपदेश दिनु भई आश्वीन पूर्णिमाको दिन रत्नजडित भऱ्यांगद्वारा सो देवभूवनबाट पृथ्वीतिर अवतरण गर्नुभएको र देवराज इन्द्रले सूनको भऱ्यांगद्वारा अवतरण गरि महाब्रह्माले छत्र समाती चाँदिको भऱ्यांगद्वारा अवतरण गर्दै गरेको चित्र उक्त डिजाइनमा आकर्षक रूपमा प्रस्तुत गरिएको थियो। सो डिजाइन ज्ञानपूर्णिक भन्तेज्यूलाई देखाउन लग्यौं। केहि सुधार र थपघट गर्नुपर्ने निर्णय भए अनुसार अन्तिम डिजाइन तयार भयो र प्रकाशनको लागि विदेश पठाइयो। योजना मुताबिक आश्वीन पूर्णिमा कै दिन सो टिकट सार्वजनिक गर्ने कार्यक्रम रहेता पनि टिकट छपाई गरि आइपुग्दासम्म २०६३ को पुस महिना आइपुग्यो।

सल्लाह अनुसार २०६३ साल पुस ५ गते (२० डिसेम्वर २००६मा) सो टिकटमा प्रथम दिवसीय टांचा लगाउने कार्यक्रम विश्व शान्ति विहार मै गर्ने तय भयो। निर्धारित कार्यक्रम अनुसार सो दिन माननीय संचार मन्त्री ज्यू उपस्थित हुन नसकिने भएकोले उहाँ ज्ञानपूर्णिक महास्थविरज्यूबाटै प्रथम दिवसीय टांचा लगाउने कार्य सम्पन्न भयो। नेपालको हुलाक टिकटको इतिहासमा चित्रकलाको माध्यमबाट बुद्धजीवनीको घटना चित्रित पहिलो हुलाक टिकट हुन गएको सो टिकटको प्रथम दिवसीय टांचा राख्ने काम बौद्ध विहारमा र बौद्ध व्यक्तित्वबाटै सम्पन्न भएको घटनापनि इतिहासमै पहिलो हुनपुगे।

हुलाक सेवा विभागका महानिर्देशक श्री श्रीधर गौतमज्युबाट सो समारोहमा टिकटको बारेमा विस्तृत विवरण प्रस्तुत गर्नुभयो। भिक्षु ज्ञानपूर्णिक महास्थविर ज्युबाट बुद्ध, उहाँको शिक्षा र नेपाल सरकारबाट अपनाइनुपर्ने केहि नीतिगत कुराहरू बारे प्रकाश पार्नु भयो भने नेपाल फिलाटेलिक सोसाइटिका अध्यक्ष श्री केदार प्रधानज्यूले सभापतिको मन्तव्य राख्नु भएको थियो।

सो हुलाक टिकटको छोटो विवरण यस प्रकारको छः-

विषय : २५५० औं बुद्धजयन्ती

| | | |
|---|---|---|
| मूल्य | : | रु. ३०।- |
| रंग | : | चार रंग र फोस्फर प्रिन्ट |
| सीट संयोजन | : | १६ टिकट प्रति सीट |
| साइज | : | ४० x ३० मी.मी. |
| फर्म्याट | : | ठाडो |
| संख्या | : | दश लाख थान |
| प्रक्रिया | : | अफसेट लिथोग्राफि |
| कागज | : | रेसा रहितको सेक्यूरिटि स्टायम्प पेपर |
| डिजाइनर | : | मोहन नरसिंह राणा |
| प्रिन्टर | : | वालसाल सेक्यूरिटि प्रिन्टर्स लि. यू.के. |
| प्रचलनकर्ता | : | नेपाल सरकार, हुलाक सेवा विभाग, नेपाल फिलाटेलिक ब्यूरो, काठमाडौं । |

यसरी बुद्ध जन्मभूमि देश नेपालको प्रचार विश्वब्यापी रूपमा हुनजाने यस प्रकारको हुलाक टिकट प्रकाशनमा गहिरो अभिरूचि राख्नु हुने हुलाक सेवा विभागका महानिर्देशकज्यू, डिजाइनरज्यू लगायत सम्पूर्ण कर्मचारी बन्धुहरू प्रशंसाका पात्र बन्नुभएको छ । यस्तै प्रकारले भगवान बुद्धको जीवनीमा आधारित ऐतिहासिक बिषयवस्तु, स्थान, घटना र शिक्षा सम्बन्धी हुलाक टिकटहरू निरन्तर र प्रभावकारी रूपमा प्रकाशन भइरह्यो भने "बुद्धको जन्मस्थल लुम्बिनी होइन भारत हो भनी यदाकदा गरिने अनर्गल प्रचार र प्रलाप" लाई पनि गतिलो र दरिलो जवाफ आधिकारिक रूपमा नेपाल सरकारले प्रस्तुत गरेको ठहरिनेमा दुइमत नहोला । यसर्थमा पनि बर्षको एउटा मात्र नभई धेरै प्रकारका बुद्ध सम्बन्धी हुलाक टिकट प्रकाशन गरिनु पर्ने आवश्यकता सम्बन्धित निकायबाट महशूस होस् भन्ने शुभ आकांक्षा लिनु सर्वथा धृष्टता हुने छैन भन्ने विश्वस लिन सकिन्छ । अस्तु ।

| धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना | | |
|---|---|---|
| मिति | बुद्धपूजा | धर्मदेशना |
| २०६४ बैशाख ११ | वीर्यवती गुरुमा | वीर्यवती गुरुमा |
| २०६४ बैशाख १९ | चमेली गुरुमा | धम्मवती गुरुमा |
| २०६४ बैशाख २७ | कुसुम गुरुमा | कुसुम गुरुमा |
| २०६४ जेठ ११ | [illegible]वती गुरुमा | धम्मवती गुरुमा |

धर्म प्रचार

## ३५ औं बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

२५५१ औं बुद्ध जयन्तीको [illegible] ल.पु.उ.म.न.पा. स्थित टंगल टोल सुधार समितिको आयोजनामा बुद्ध र बुद्धधर्म सम्बन्धि [illegible]पुर जिल्लाव्यापि अन्तर् विद्यालय, पुस्तकालय, [illegible] विहार, समूह र संघ संस्था बिच ३५ औं हाजिरी जवाफ प्रतियोगिताको अन्तिम प्रतियोगिता यहि २०६[illegible] जेठ १९ गते शनिवार उक्त टोलस्थित जेष्ठ वर्ण महाविहार (मिननाथ बाहाल) मा हाले सम्पन्न भएको [illegible] छ ।

जेठ १४,१५,१६,१७ र अन्तिम प्रतियोगिता गरि जम्मा ५ दिन संचालन भएको उक्त प्रतियोगितामा २० टिमले नाम दर्ता गराई १८ टिमको सहभागिता रहेको थियो । जस्मा दिपंकर परियत्ति शिक्षालय (बुबहाल) प्रथम, जय मनोहर महाविहार (सुबहाल) [illegible], युवा पुस्तकालय, (ह:खा) तेस्रो र सुवर्ण छत्रपुर विहार (लुभु) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभएको थियो ।

पाँचै दिनको शुरुमा भन्तेबाट पञ्चशील प्रार्थना गराई अन्तमा पुण्यानुमोदन गरी समाप्त [illegible] उक्त प्रतियोगिताको उद्घाटन ल.पु.उ.म.न.पा. का कार्यकारी अधिकृत श्री प्रेमराजा जोशीबाट गर्नु भएको थियो भने विजयी समूहलाई लोक सेवा आयोगका [illegible] श्री तिर्थमान शाक्यज्यूबाट पुरस्कार वितरण गरिएको थियो ।

उक्त प्रतियोगितामा तोकिएको समूहलाई [illegible]को पास प्रश्नहरूको अधिकतर जवाफ दिई [illegible] युव बलबले प्रणित पुरस्कार प्राप्त गर्नु भएको [illegible] भने भिन्तुना पुच: बाट हाले मात्र स्थापित प्रथम [illegible]को पुरस्कार अध्ययन मण्डल (बुबहाल) ले प्राप्त [illegible] भएको थियो । बुद्ध र बुद्धधर्म सम्बन्धि जनमानसमा चेतना अभिवृद्धि गर्ने उद्देश्यबाट संचालित प्रतियोगिताको अन्तिम दिनको सभापतित्व टंगल टोल सुधार [illegible]का अध्यक्ष श्री तिर्थराज वज्राचार्यज्यूले गर्नु भएको उक्त सभामा सचिव श्री दुर्गामान श्रेष्ठले प्रतियोगिताको प्रतिवेदन र कोषाध्यक्ष श्री पुष्पराज महर्जनबाट आर्थिक प्रतिवेदन पेश गर्नु भएको थियो । सोही सभा[illegible] ३६ औं हाजिरी जवाफका आयोजक थ्रि स्टार[illegible] लाई सभापतिबाट पालो हस्तान्तरण गरियो ।



Downloaded from http://www.dhamma.digital

# धर्मको आस्थामा न्हास

■ प्रा.डा.गणेश माली

अचेल धेरैजसो मानिसहरू घरमा तथा समाजमा धर्म पालन गर्न आफ्नो असमर्थता जनाउँछन्। भन्छन् घर गृहस्थी : व्यापार आदिमा धर्मपूर्वक काम चल्दैन। धार्मिक बन्नु असम्भव प्राय हुन्छ।

धेरै जसो, अथवा भनौं सबैजसो मानिसहरू अज्ञान र संस्कारले बाँधिएका हुन्छन्, राग द्वेष मोह, काम क्रोध लोभ र अन्धविश्वासहरूले तथा आसक्तिहरूले बाँधिएका हुन्छन्।

त्यसैले ईर्ष्या, डाह, हेला, डर, त्रास, तेरो मेरो वीचको भेद भाव, आदि प्रवृति, स्वार्थ संघर्ष, आतंक, दु:ख अशान्ति, लडाई झगडा मात्र यत्र तत्र देखिन्छन्।

आजको हाम्रो संसारमा, विशेषगरी नयाँ पुस्ताका युवाहरूमा धर्मप्रति आस्था घट्दैछ उनीहरू धर्ममा उदासीन, अन्य मनस्क, चासो न भएका देखिन्छन्।

जब समाजमा शान्ति ल्याउन धर्महरू प्रवतर्न गरिए, त्यतिबेला धर्महरू अत्यन्त प्रभावकारी थिए। किन आज आएर यस्तो हुँदैछ ? प्रस्तुत लेखमा यस वारे केही विचार विमर्श गरिएको छ।

धर्मको आस्थामा न्हास आउनाका केही प्रमुख कारणहरू :-

**(१) धर्ममा आइरहेका विकृतिहरू :**

समय वित्दै जाँदा फलाममा लागेको खियाले नै फलामलाई कमजोर बनाउँछन्। त्यस्तै समय र परिस्थितिवश धर्ममा शुद्धता हराउँदै गयो, विकृतिहरू देखिए, अनेक प्रकारका धार्मिक संस्कारहरू बन्दैगए-जस्तै पूजापाठ गर्नु, भजन कीर्तन गर्नुमा सीमित हुनु अनेक रीतिरिवाज चलाउनु, चाडपर्व मनाउनु, धर्मका प्रतिक देवी देवताहरू, वा धार्मिक वस्तुहरूको सन्मान भक्तिगर्नु, धर्म-ग्रन्थहरू पाठगर्नु वा कण्ठस्थ गर्नु, इत्यादि, इत्यादि। यिनै संस्कारहरूलाई मानिसहरू धनि ठाने।

अविद्या तथा संस्कार, रागद्वेषमोह, काम क्रोध लोभले हाम्रो इन्द्रिय मन र बुद्धिलाई ढाकेको हुन्छ। धर्मका सार सत्य कुराहरूलाई जान्दैनौं, जानेर पनि बुझ्दैनौं, बुझेर पनि विर्सिन्छौं, व्यवहारमा ल्याउँदैनौं, संस्कारिक बोझलाई मात्र वहन गर्दै लैजान्छौं त्यसमाथि आफूलाई धर्मका ठेकेदार सम्झनेहरूले धर्मबाट अधिकतम व्यक्तिगत फायदा उठाउने लालचले गर्दा अनेक जालझेल कुचक्र षडयन्त्रहरू रच्ने गर्छन्। मानिसहरूलाई अन्धविश्वास भूल भुलैयामा पार्छन्। हाम्रो समाजमा वर्ण व्यवस्था, जात भात को झमेला, बली अथवा पुरानो सती जाने प्रथा, भूतप्रेत प्रेत पिशाच आदिमा विश्वास र पन्छाउने प्रथा, स्वर्ग नरकादिमा विश्वास, अलौकिक चम-त्कारहरूमा विश्वास, मृत्यु पछि गरिने काजकृयाहरू, इत्यादि जतिपनि अन्धविश्वासपूर्ण अवधारणाहरू छन्, यसरी नै लागू गरिएका हुन्। यिनीहरूले धर्मका सार कुराहरूलाई ओझेलमा पारिदिन्छन्।

वास्तवमा धर्म अशुद्ध हुन सक्तैन, शुद्धता नै धर्मको लक्षण हो। धर्म अपनाउने चतुर पाखण्डी व्यक्तिहरूले धर्मलाई तोड मरोड गरी आफ्नो स्वार्थ सिद्धिको माध्यम बनाई धर्म विपरित काम गर्दै जानाले होइन विकृत गराइएको हो, त्यसैले दोष धर्मको छैन। धर्मले आफ्नो शुद्धता वा सार कुरा बोकि राखेकै छ। धर्मलाई होइन मान्छेलाई नै दोषी ठहऱ्याउन उचित हुन्छ। ज्ञान, बुद्धि, विवेक प्रज्ञालाई साथ नलिइकन जब मानिस मिथ्या दृष्टिक, स्वार्थी, बुद्धिहीन, विवेकहीन विमूढ, दुष्प्रज्ञ हुन जान्छ, आफ्ना मूर्खता पूर्ण कृया कलाप अरुलाई पनि फसाउने कुचक्र रच्छ तब मान्छेहरूलाई भेडा बाख्राहरू जस्ता बनाई धर्ममा विकृतिहरू ल्याउने काम हुन्छ। बेफ्वांकमा धर्मलाई कलंकित सम्झनु भन्दा, प्रज्ञावान व्यक्तिले यस तथ्यलाई सम्झी बुझी होश राख्नु आवश्यक छ।

यस्तै धर्मको नाममा आएका अन्धविश्वास पूर्ण मिथ्यादृष्टि युक्त सत्यता विहीन विकृतिहरूको कारणले पनि आजभोली धर्ममा आस्था घट्दै गइरहेको छ।

**(२) विज्ञानको विकास र वैज्ञानिक अवधारणाहरूको लोकप्रियता।**

आजभोली विज्ञान र प्रविधिको युग हो। विगत ४।५ सय वर्ष देखी द्रुतगतिले प्रगतिगर्दै आएको विज्ञान र प्रविधिको कारण धेरैजसो पुराना धर्मका कुराहरू पुराना कथाहरू अन्धविश्वास मात्र सावित हुन गइरहेका छन्।

निरीक्षण, परीक्षण र प्रयोगद्वारा खारिएका, "लौ आऊ र आफै हेर" भनी प्रदर्शन गरिन सकिने वैज्ञानिक ज्ञानले मानव जगत र जीवन बारे, विश्वका गतिविधिबारे भरपर्दो अवधारणाहरू दीरहेका छन्, जसमा मानिसहरूको आस्था दिन पर दिन बढ्दै छ।

यसो हुँदा पनि धर्ममा मान्छेहरूको आस्थामा न्हास आइरहेको छ। शायद धर्मको आस्थामा न्हास हुन्को 'महीनै' प्रमुख कारण पनि हो।

**(३) नयाँ विज्ञानमा आधारित दर्शन र वादहरूको उत्पत्ति।**

विगत २।४ सय वर्ष भित्र धेरैजसो दार्शनिकहरूको सोच विचार पनि विज्ञानतर्फे ढल्कन पुगेको छ।

वैज्ञानिक भौतिकबाद, वैज्ञानिक प्रकृतिवाद (Scientific Naturalism), आदि दार्शनिकवादहरू तर्फ मानिसहरूको झुकाव बढ्दैछ।

**व्यवहारमा धर्मका सार कुराहरूको प्रयोग नहुनु**

धर्मका सार कुराहरू र शास्वतसत्यहरू आफ्नै स्थानमा छन् । गीता, धम्मपद, कुरान, बाइबिल आदि ग्रन्थहरूमा जुन अनमोल ज्ञान रुपी रत्नहरू छन्, तिनीहरूलाई व्यवहारमा शुद्धरूपमा प्रयोग गर्न नसक्नु धर्ममा लाग्ने व्यक्तिहरूका कम जोर पक्षहरू हुन् ।

मान्छेहरू स्वभावत: शान्ति चाहन्छन् । परिवारमा, समाजका, देशमा, हेलमेल भएर शान्तिपूर्वक उन्नति गरीरहन सबै चाहन्छन् । यसो हुदा हुँदै पनि कतिपय कार णले परिवार, समाज वा देशमा दु:ख र अशान्तिको वातावरण छाएको छ, यस्को जरा सम्म पुगेर हेर्‍यौं भने हामी कतै न कतै अर्धामिक व्यवहार भैरहेको देख्छौं, अनेक प्रलोभनको कारण त्यही भैरहेको हुन्छ, जुन् नगर्न हामीलाई धर्मले रोक लगाएको हुन्छ ।

हाम्रो मूल समस्या त यो हो कि धर्मका सार कुरालाई आफ्नो कमजोरीवश हामी व्यवहारमा प्रयोग गर्दैनौं, जस्तै पंचशीलका शिक्षाहरूलाई व्यवहारमा भुली दिन्छौं, धम्मपदका अर्तिहरूलाई धम्मपद र कथाहरू मै सीमित गरी राख्छौं । यस्तै अन्य धर्महरूमा पनि भैरहेका हुन्छन् ।

हामीहरू सिर्फ धार्मिक संस्कारको कुसंस्कारहरूमा भुलीरहन्छौं । धर्मका सार कुराहरूलाई व्यक्तिगत तथा सामाजिक प्रयोगमा ल्याउन नसक्नु हाम्रो कमजोरी हो । साररूपमा सबै धर्महरूको एउटै लक्ष्य छ– मानव जीवनलाई सुधार्नु, असल मानव बनाउनु, दुश्शील, चरित्रहीन, दुरा चारी, भ्रष्टाचारी, नशावाज, व्यभिचारी, हिंस्रक, चोर डांकुहरूलाई अकुशल कर्महरू, गरी आफ्नो पनि हानी अरुलाई पनि हानी गर्ने लाई कुनै पनि धर्ममा स्थान छैन ।

व्यवहारमा धर्मको साररूप नदेखिनुको कारणले पनि धर्मबाट आस्थाको पलायन भैरहेको छ ।

उपसंहार/हाम्रो यस युगको ठूलो चुनौती ।

माथि उल्लेख गरिएका धर्ममा ऱ्हासल्याई रहेका कारणहरूलाई हेरी विचार गर्‍यौं भने, निकट भविष्यमै धर्मको रूपरेखा बारे पनि केही सोच्न र केही गर्ने दायित्व पनि हामीहरू माथि आइपरेको महसूस हुन्छ ।

मान्छेलाई असल मान्छे बनाउने पुराना धर्महरूका सार कुराहरू आफ्नै स्थानमा छन् । संसारका सबैजसो धर्महरूको मूल उद्देश्य पनि यही नै हो, भनी ठोकुवा गर्न सकिन्छ । दुश्शील, चरित्रहीन, चंचल, मिथ्याचरी, आडम्वरी, प्रमादी, भ्रष्टाचारी आदि दुर्गुणयुक्त दु:ख र आतंक मच्चाएर हिड्ने व्यक्तिहरू उत्पादन गर्ने कुनैपनि धर्मको उद्देश्य न पहिले नै थियो न पछिनै हुनेछ ।

तर वदलिंदो विश्वको परिप्रेक्षमा, शीलवान, सच्चरित्रवान्, सदाचारी, लोकोपकारी, समाजोपयोगी आफू जस्तै अरुलाई ठानी व्यवहार गर्ने, र भगवान बुद्धको शव्द शुद्ध क्लेश मयल रहित चित्त भएका कुनै पनि पाप नगर्ने, कुशल कर्म उपसम्पन्न गर्ने व्यक्तिहरू पैदा गर्ने तथा हालका धर्महरूलाई लोकोपकारी र लोकप्रिय बनाउन के गर्नु पर्छ ? यो प्रश्न हाम्रो लागि यस युगको ठूलो चुनौतिको रूपमा देखा परिरहेको छ ।

यस चुनौतिबाट पन्छिएर होइन, डटेर समस्याहरूको हल निकालेर मात्रै हामीले हाम्रो धर्मको र आफ्नै पनि रक्षा गर्न सक्नेछौं – यो निर्विवाद छ ।

सकल प्राणीको कुशल मंगल होस् ।

## सूचना । सूचना ।। सूचना ।।।

पूज्य धम्मवती गुरुमांको ७३ औं वर्षिय जन्मोत्सवको शुभ उपलक्ष्यमा पूज्य भिक्षुसंघबाट साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना गर्नुहुने कार्यक्रम रहेको छ । उक्त पुण्य कार्यमा सहभागी हुन इच्छुक सबै धर्मप्रेमी श्रद्धालु श्रोतावर्गहरूलाई हार्दिक स्वागत गरिएको छ ।

स्थान : धर्मकीर्ति विहार, श्रीघ:नःघ:, काठमाडौं

समय : विहान ७ बजे देखि ९ बजेसम्म

मिति : २०६४ श्रावण ८ गते मंगलबार देखि श्रावण १४ गते सोमवार सम्म

**धर्मकीर्ति विहार**



Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सममासम्बुद्धस्स"

# मिलिन्द-प्रश्न – १

## ( संक्षिप्त वृतान्त )

अनुवादक : आनन्द प्रधान

जसरी गङ्गा नदी समुद्रमा गएर मिल्छ उसरी नै सागल नामको उत्तम नगरमा राजा मिलिन्द नागसेन भएको ठाउँमा जानुभयो ।

(अज्ञानरुपी) अन्धकारलाई नाश गर्ने (ज्ञानरुपी) प्रकाशलाई धारण गर्ने, तथा विचित्र वक्ता नागसेन भएको ठाउँमा राजा जानु भै धेरै विषयहरूको बारेमा सूक्ष्म प्रश्नहरू सोध्नुभयो ।

ती प्रश्नहरूको उत्तर गहिरो अर्थपूर्ण भएको, उपयोगी (हृदयङ्गम), कर्णप्रिय (सुनिरहूँ लाग्ने), अद्भूत, अत्यन्त आनन्द दिने 'अभिधर्म' र 'विनय'को गम्भीरताले भरिएको, 'सूत्र' हरूको अनुकूल तथा उपमा (उदाहरण) हरू र न्यायहरूले विचित्र (सुन्दर) छ ।

शङ्काहरू निवारण गर्ने ती सुक्ष्म प्रश्नहरूलाई मन (ध्यान) दिएर प्रसन्न चित्त (खुशी मन) ले सुन्नुहोस् ।

**सागल नगरको वर्णन–**

यस्तो जनश्रुति छ ।

यवनहरूको वाणिज्य व्यवसायको केन्द्र सागल नामको एउटा नगर थियो । त्यो नगर नदी र पहाडहरूले शोभायमान बनाएको रमाइलो ठाउँमा बसेको, आराम (विश्रामगृह) उद्यान (फूलबारी) उपवन (सानो) जंगल) तलाउ ताल पोखरीले सम्पन्न, नदी, पहाड र वनले गर्दा अति नै सुन्दर थियो । त्यो नगर अनुभवी सिपालु कालीगढहरूले निर्माण गरेका थिए । राजाको सबै शत्रुहरू दमन भै सकेको थियो । प्रजाहरूलाई कुनै किसिमको दु:ख थिएन । धेरै किसिमका विचित्र (सुन्दर) बलिया घर र कोठाहरू थिए । नगरको सिंहद्वार (ठूलो मूल ढोका) विशाल र सुन्दर थियो । भित्रको गढ (अन्त:पुर) गहिरो खाडल भएको पहेंलो पर्खालले घेरिएको थियो । पूलबाटा, आंगन, चौबाटा सबै राम्रोसित विभाजन (बाँडेको, छुट्याएको) गरिएका थिए । पसलहरू राम्रासित सजेका सजाएका दामी माल सामानहरूले खचाखच भरिएका थिए । ठाउँ ठाउँमा धेरै किसिमका सयौंको संख्यामा सुन्दर दानशालाहरू बनेका थिए । हिमालय पर्वतका टाकुराहरू जस्ता सयौं हजारौं. अग्ला अग्ला भवनहरू थिए । हात्ती, घोडा, रथ र बाटामा हिंड्ने मानिसहरूको त्यहाँ चहलपहल हुन्थ्यो । हुलका हूल सुन्दरी महिलाहरू र पुरूषहरू घुमिरहन्थे । त्यो नगर सबै किसिमका मानिसहरूले गर्दा चहलपहल थियो । क्षेत्री, ब्राह्मण, वैश्य, शूद्र श्रमण (साधु, भिक्षु) ब्राह्मण तथा गणचार्य (जगतगुरु) सबै बस्दथे । त्यहाँ ठूला ठूला विद्वानहरूको केन्द्र थियो । काशी, कोटुम्बर आदि ठाउँहरूमा बनेका लुगाका ठूला ठूला पसलहरू थिए । धेरै किसिमका फूल तथा सुगन्धित वस्तुका पसलहरू थिए । मनले चाहेको (अभिलषित) जस्तो रत्नहरूले भरिएको थियो । सबैतिर श्रृङ्गारका साधनका व्यापारीका पसलहरूले भरिएका हुन्थे । तामाको पैसा, चाँदी, सुन, कांस र बहुमूल्य पत्थर (ढुंगा) सबै किसिमले भरिभराउ नगर मानौ. दामी रत्नहरूको एउटा चम्किलो भण्डार थियो । सबै किसिमका धन, खाद्यान्न र उपकरणहरू (साधन, सामग्री) ले भण्डार र कोश भरिभराउ थिए । त्यहाँ धेरै किसिमका खाद्य भोज्य (भोजन गर्न योग्य) र पेय (पिउन योग्य वस्तु) थिए । उत्तर कुरुको जस्तो उब्जनी हुने तथा अल्कामन्द देवपुरको जस्तो शोभाले भरिएको त्यो नगर थियो ।

**ग्रन्थको छ भाग–**

यसपछि उहाँहरू (मिलिन्द र नागसेन) को पूर्व जन्मको कुरो बताइने छ । त्यसलाई ६ भागमा बाँडेर भन्नेछु । जस्तो–

१. पूर्व-योग २. मिलिन्द-प्रश्न ३. लक्षण-प्रश्न
४. मेण्डक-प्रश्न ५. अनुमान-प्रश्न ६. उपमा कथा प्रश्न

यसमा मिलिन्द-प्रश्नको दुइ भाग छन् (क) लक्षण र (ख) विमतिच्छेदन । मेण्डक-प्रश्नको पनि (क) महावर्ग र (ख) योगी-कथा नाम भएको दुई भाग छन् ।

### पहिलो परिच्छेद

### १– पूर्व-योग

**१– उहाँहरूको पूर्व-जन्मको कथा**

'पूर्वयोग' को अर्थ हो उहाँहरूले पूर्व जन्ममा गर्नु भएको कार्य ।

अतीतकालमा भगवान काश्यप (बुद्ध) को शासनको समयमा गङ्गा नदीको छेउमा एउटा ठूलो आश्रममा एउटा ठूलो भिक्षु संघ बस्ने- गर्दथ्यो । उहाँहरू व्रत र शीलले सम्पन्न भिक्षु विहानै उठेर झाडू लिएर बुद्धको गुणहरू मनमा सम्झना गर्नु हुँदै बढार्नुहुन्थे र

कसिंगर एक ठाउँमा थुपार्ने गर्नुहुन्थे ।

एक दिन एक जना भिक्षुले कुनै श्रामणेरलाई भन्नुभयो- "यहाँ आऊ र यो कसिंगर फाल ।" तर त्यो (श्रामणेर) ले सुनेर पनि नसुने झैं गरचो । दोस्रो र तेस्रो पटक बोलाउँदा पनि त्यसले नसुने झैं नै गरचो । त्यसोगर्दा त्यो भिक्षुले– "यो श्रामणेर त बडो अविनित (अशिष्ट, अटेरी) पो रहेछ" भनेर मनमा विचार गर्नुभयो र रिसाएर त्यसलाई एक झाडू हिर्काउनुभयो । त्यति बेला त्यो रुँदै डरले कसिंगर फाल्दै- "यो कसिंगर फालेको पुण्य-कर्मको फलले जबसम्म निर्वाण (मुक्ति, मोक्ष) पाउँदिन तबसम्म त्यो अवधिभर म जहाँ जहाँ जन्म लिन्छु त्यहाँ त्यहाँ दिउँसो मध्यान्हको घाम जस्तो तेजिलो (चर्को) हुन सकूँ" भनेर यसरी पहिलो संकल्प गरचो । त्यो कसिंगर फालेर नुहाउनको निमित्त गङ्गा नदीको तीरको घाटमा गयो । गङ्गा नदीको शब्दायमान तरङ्गहरू (छाल) देखेर त्यसले अर्को संकल्प गरचो– "जहाँ जहाँ म जन्म लिन्छु त्यहाँ त्यहाँ यी तरङ्गहरूको वेगको समान प्रत्युत्पन्नपति (उपस्थितबुद्धि) र प्रतिभाशाली (बुद्धिमान) हुन सकूँ ।"

भिक्षुले *पनि झाडू राख्ने ठाउँमा झाडू राखेर नुहाउनको लागि घाटतर्फ जाँदै गर्नु हुँदा श्रामणेरले संकल्प गर्दै गरेको कुरो सुन्नुभयो । सुनिसकेपछि मनमनै विचार गर्नुभयो- "यो श्रामणेर मदेखि प्रेरित (उत्साहित) भएर यदि यस्तो संकल्प गर्छ भने के मलाई त्यसको फल नमिल्ला र !"

यस्तो विचार गरेर भिक्षुले संकल्प गर्नुभयो– "जहाँ जहाँ जन्म लिन्छु त्यहाँ त्यहाँ तरङ्गहरूको वेगको समान प्रत्युत्पन्नमति हुन सकूँ र उसले सोधेको सबै प्रश्नहरूको गाँठो फुकाउन समर्थ हुन सकूँ ।"

देवलोक र मनुष्यलोकमा जन्म ग्रहण गर्दै जानु हुँदा उहाँहरू दुवैले एक बुद्धान्तर बिताए ।

त्यति बेला हाम्रा भगवान बुद्धले पनि उहाँहरूलाई देख्नुभयो र मोग्गालिपुत्र तिष्य स्थविर समानको उहाँहरूको बारेमा पनि भविष्यवाणी गर्नुभयो- "मेरो महापरिनिर्वाणको पाँच सय बर्षपछि यी उहाँहरू दुवै जनाले जन्म ग्रहण गर्नुहुनेछन र जुन धर्म विनयको मैले सूक्ष्मरूपले उपदेश दिएको छु तिनीहरूलाई उहाँहरूले प्रश्नोत्तर, उपमा, र युक्ति (तर्क) हरूले स्पष्ट पार्नु हुनेछन् ।"

उहाँहरू दुईमा त्यो श्रामणेर जम्बुद्वीपको सगाल नामको नगरमा मिलिन्द नामको राजा हुनुभयो । उनीहरू ठूला पण्डित, चतुर, बुद्धिमान र योग्य थिए । भूत, भविष्य र वर्तमान सबै विधात (शुभ अवसरको आयोजना) मा सावधान (होसियार) भएर बस्नुहुन्थ्यो ।

उहाँले धेरै विद्याहरू पढनु भएको थियो जस्तै : (१) श्रुति (२) स्मृति (३) सांख्य (४) योग (५) न्याय (६) वैशेषिक (७) गणित (८) सङ्गीत (९) वैधक (१०) चारवेद (११) सबै पुराणहरू (१२) इतिहास (१३) ज्योतिष (१४) मन्त्र-विद्या (१५) तर्क (१६) तन्त्र (१७) युद्ध-विद्या (१८) छन्द र (१९) सामुद्रिक । यी १९ विद्याहरूमा उनी पारङ्गत (योग्य, पोख्त) थिए । शास्त्रार्थ गर्नमा अद्वितीय (बेजोड) र अजेय (जित्न नसकिने) थिए । उहाँ सबै तीर्थङ्करहरूमा श्रेष्ठ मानिनुहुन्थ्यो । प्रज्ञा (ज्ञान) बल, वेग, वीरता, धन, भोग, कुनै कुरामा पनि मिलिन्द राजाको समान सारा जम्बूद्वीपमा अर्को कोही थिएन । उहाँ ठूला ऐश्वर्यशाली (धनवान) तथा उन्नति गर्नमा अथक प्रयास गर्नुहुने राजा थिए । उहाँको सेना र वाहन (सवारी साधन) को अन्त (सीमा) थिएन ।

एक दिन राजा मिलिन्द आफ्नो चतुरङ्गिणी (हात्ती, घोडा, रथ, र पैदल सैनिक भएको सेना) अनन्त (सीमाहीन, अपार, असंख्य) सेना हेर्ने इच्छाले नगरको बाहिर जानुभयो । सेनाहरूको गणा गर्ने काम सकिएपछि तर्क-प्रिय राजाले लोकायत (ईश्वरको अस्तित्व नमान्ने) र वितण्डावादी (व्यर्थको झगडा गर्ने) सित शास्त्रार्थ गर्ने इच्छाले माथि घामतिर हेर्नुभयो र आफ्नो मन्त्रीहरूलाई सम्बोधन गर्नुभयो– "अहिले धेरै दिन बाँकी छ । त्यतिका दिनसम्म के गर्नु पर्ला त ! के यस्तो कोही पण्डित (विद्वान) सम्यक सम्बुद्ध (बुद्ध) को सिद्धान्त जान्नुहुने श्रमण, ब्राह्मण अथवा गणाचार्य हुनुहुन्छ जोसित म नगरमा गएर वार्तालाप (कुराकानी) गरुँ जसले मेरा शङ्काहरू मेटिदिन सक्नुहुन्छ ?"

(राजाले) यस्तो कुरा भन्नुहुँदा पाँच सय यवनहरूले उनलाई भने हो महाराज, यस्ता ६ जना पण्डितहरू हुनुहुन्छन् (१) पूरण कस्सप, (२) मक्खली गोसाल (३) निगण्ठनाथ पुत्त (४) सञ्जय वेलट्ठिपुत्त (५) अजित केसकम्बली र (६) ककुध कच्चान । उहाँहरू संघ-नायक गणनायक, गणाचार्य, प्राज्ञ (विद्वान) र तीर्थङ्करहरू हुनुहुन्छन् । मानिसहरूमा उहाँहरूको ठूलो इज्जत छ । महाराज तपाई उहाँहरू हुनु भएको ठाउँमा जानुहोस् र आफ्नो शङ्का मेट्नुहोस् ।

क्रमश:



Downloaded from http://www.dhamma.digital

# धम्मपद-२००

■ रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

**न तेन भिक्खू (सो) होति-यावता भिक्खते परे**
**विस्सं धम्मं समादाय-भिक्खु होति न तावता**

***अर्थ-*** *केवल भिक्षा मागेर हिँड्दैमा कसैलाई भिक्षु भनिँदैन । मिथ्या दृष्टि रहेसम्म भिक्षु बन्दैन ।*

**यो ध पुञ्ञञ्च पापञ्च-बाहेत्वा ब्रह्मचरिय वा**
**सङ्खाय लोके चरति-सवे भिक्खु'ति वुच्चति**

***अर्थ-*** *पुण्य पापबाट अलग्ग भई सकेका, ब्रह्मचारी, ज्ञानपूर्वक लोकमा विचरण गर्नेलाई भिक्षु भनिन्छ ।*

***घटना-*** *उपरोक्त गाथाहरू भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा कुनै एक ब्राह्मणको कारणमा बताउनु भएको थियो ।*

एकजना ब्राह्मण थियो जो सांसारिक दुनियालाई छोडेर निगण्ठहरूकहाँ गएर प्रव्रजित भएका थिए । ऊनी भिक्षा माँगेर जीविका गर्न लागे । अत: उसको मनमा लाग्यो- "भगवान बुद्धले भिक्षा मागेर खाने आफ्ना शिष्यहरूलाई 'भिक्षु' भनेर बोलाउनु हुन्छ । म पनि भिक्षा मागेर खान्छु । त्यसैले उहाँले मलाई 'भिक्षु' भन्नुपर्छ ।" यस्तो सोची ऊनी भगवान बुद्ध समक्ष पुगी बिन्ती गरे- "भन्ते ! म पनि भिक्षा मागेर जीविका गर्दछु । अत: मलाई पनि भिक्षु भन्नुहोस्" ।

उसको कुरा सुनेर भगवान बुद्धले भन्नुभयो- "हे ब्राह्मण !! कसैले भिक्षा मागेर खाँदैमा त्यसलाई म भिक्षु भन्दिन । विविध धर्म अनुगमन गर्दैमा पनि कोही भिक्षु बन्दैन । जसले सबै संस्कार धर्मलाई मनमा राख्छ, मनन गर्छ र सोही अनुसार आचरण गर्छ, तिनैलाई म साँच्चैको भिक्षु भन्दछु ।"

यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो । ■



## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरु

क्र.सं. ४९७
[illegible] मि. मानन्धर
म.न.पा. ४ (क्वाठण्डो)
रु. १,००१/-

क्र.सं. ४९८
मोतिकाजी तुलाधर
१०/६७ असन काठमाडौं
रु. १,१११/-

क्र.सं. ४९९
होटल लुम्बिनी गार्डेन
न्यू क्रिस्टल प्रा.लि.
बुद्धनगर लुम्बिनी
रु. १,०००/-

क्र.सं. ५००
मञ्जुश्री रत्न बज्राचार्य
कुलेश्वर आवास क्षेत्र
प्राधिकरण मार्ग १४
रु. १,००१/-

क्र.सं. ५०१
दीपकरत्न तुलाधर
१३/२७० पट्या, टीमुगल, नरदेवी
रु. १,००१/-

क्र.सं. ५०२
डा. फणीन्द्र बज्राचार्य
[illegible] नगर, पाल
महाविहार, कीर्तिपुर
रु. १,०२१/-

क्र.सं. ५०३
आशाकाजी महर्जन
त्योड
रु. १,००५/-

क्र.सं. ५०४
रत्नमाया महर्जन
त्योड
रु. १००५/-

क्र.सं. ५०५
प्रदीपकुमार शाक्य
[illegible] टोल, टक्सार-४ भोजपुर
रु. १,०००/-

क्र.सं. ५०६
योगीन्द्र बज्राचार्य
का.म.पा. १९, कालिमाटी, काठमाडौं
रु. १०००/-

# शाक्यमुनि विहार टक्सार एक चिनारी

■ कृष्णमान शाक्य

नेपाल अधिराज्यको पूर्वाञ्चल अवस्थित भोजपुर जिल्लाको १७ वटा थुम (इलाका) हरू मध्ये एक "खिकामाछा" हो। उक्त जिल्लामा तामाको खानी भएको कारणले बि.सं. १९७८ सालतिर तत्कालिन प्रधानमंत्री भिमसेन थापाको आदेशले सो स्थानमा तामाको ध्याके पैसा छाप्नकोलागि धातुको काम गर्ने पाटनका नेवार समुदायलाई सो स्थानमा लगि टक छाप्न लगाएकोले उक्त ठाउँको नाम "टक्सार" रहन गएको कुरा पं. बैयाकरण नेपाल (१९१२-१९७९) ले "टक्सार वर्णन" नामको आफ्नो पुस्तकमा उल्लेख गर्नु भएको छ।

पाटन निवासी शाक्य परिवारहरूमा परंपरा देखि नै धार्मिक, सांस्कृतिक रितिथिति, चांडपर्व, देवी देवता मान्ने, चैत्य, बिहार, देवस्थलमा पूजा भक्ति भाव गर्ने स्वभाव रहँदै आइरहेका हुन्। त्यही प्रभावले टक्सारमा बसेर पनि अष्टमी व्रत बस्ने, बोधि चर्या, ललित विस्तर पाठ गर्ने, पाटनमा मानिँदै आएका सम्पूर्ण चाँड पर्व र संस्कृतिलाई जिवन्त राख्ने काम त्यहाँका निवासीहरूले निरन्तर राख्दै आइरहेका हुन्।

वि.सं. १९८७ सालतिर महादान श्रामणेर काठमाडौंबाट भोजपुर टक्सारमा गई बुद्धका ज्ञानहरू बारे उपदेश दिन शुरु गरेपछि त्यहाँका वासिन्दाहरूमा बुद्धका वास्तविक ज्ञानबारे अझ बढि बोध हुनथाल्यो। सोहि क्रममा त्यहाँका निवासी कुलधन शाक्यका माहिला सुपुत्र चक्रधन शाक्य (प्रव्रजित भएपछिको नाम शाक्यानन्द) को मनमा वैराग्य भावना उत्पन्न भई मातापिताको अनुमति लिएर एक वर्ष जति पछि कुशीनगरमा गई पूज्यगुरु चन्द्रमणि महास्थविरको शिष्यत्वमा श्रामणेर हुनु भयो। यो वहाँको पाइला टक्सारवासीलाई बुद्धधर्ममा अझ सचेत बनाउने पहिलो कदम थियो।

बि.सं. १९९० सालमा नेपाल अधिराज्यमा व्यापक विनाशकारी भूकम्प गई धनजनको क्षति भयो। पूर्वि पहाडी ठाउँमा छाप्रो बनाएर महिनौं बस्न बाध्य भयो। सोहि अवसरमा स्वर्गिय रत्नधन शाक्य र पुन्यकुं शाक्यका सुपुत्रहरू कुलधन, कुलबहादुर र हर्षबहादुर शाक्य सपरिवार सहित अन्य त्यहाँका धर्मप्रेमीहरूमा श्रद्धा स्वरूप धर्म चित्त उत्पन्न भई गणेश मन्दिर अगाडी सानो सत्तल बनाई राखेको ठाउँमा वि.सं. १९९० सालमा धर्म गर्ने स्थान बन्यो। कुलधन शाक्यले आफ्नो घरमा पूजा कोठामा रहेको ढलौटको बुद्धमूर्तिलाई प्रतिस्थापन गरी गुम्वा (विहार) को रूपमा श्रद्धाले स्तोत्रपाठ, धारणी, प्रार्थना, पूजा भक्तिभाव सुरु गर्न थाल्नु भयो। यहि क्रममा बि.सं. १९९३ सालमा मार्ग महिनामा श्रामणेर भिक्षु अमृतानन्द र त्यसको तीन महिना पछि भिक्षु महाप्रज्ञालाई काठमाडौंमा बुद्ध धर्म प्रचार-प्रसार गरेको अभियोगमा सजाय स्वरूप तत्कालिन चन्द्रशम्शेर राणा सरकारले चार भञ्ज्याङ कटाएको सिलसिलामा टक्सारमा आएर बस्नु भएपछि वहाँहरूबाट प्राप्त सद्धर्म उपदेशले त्यहाँका बौद्धहरूमा नयाँ चेतना जागृत भएर आयो। सबैको सल्लाह र सहमति भए अनुसार उक्त ढलौटको सानो बुद्धमूर्ति भएको स्थानमा भिक्षु महाप्रज्ञाले अथक परिश्रम गरेर १७ दिन लगाएर बनाउनु भएको मृतिकामय बुद्ध प्रतिमा बडो धुमधामकासाथ भक्तजनहरू जम्मा भई बसी बिधिवत गुरुजूहरू र भिक्षुहरूबाट कर्मपूजा गरी बि.सं. १९९३ साल पौष ३० गते पोहेला तृतियाको दिन स्तोत्र, तुत:, भजन, बाजा गाजा सहित बुद्धमूर्ति टक्सार बजार परिक्रमा गरी उक्त धर्मशालामा बुद्ध मूर्ति सवार गराई समारोह बिसर्जन गर्नुको साथै सोही अवसरमा "शाक्यमुनि विहार" समेत नामाकरण भएको हो। यस प्रकार पूर्व पहाडको एक दुर्गम गाउँमा बुद्ध धर्मको जग स्वरूप शाक्य मुनि विहारको प्रतिस्थापन भएको हो।

भोलिपल्ट माघे संक्रान्तिको दिन उक्त शाक्यमुनि विहारमा भिक्षु महाप्रज्ञाबाट धर्म उपदेश भै राखेको बेला भोजपुर जिल्लाका तत्कालिन बडाहाकिम गरुलध्वज आफैं आई भिक्षु सहित उपासकहरू (१) कुलराज शाक्य (२) आशामरु शाक्य (३) सिंगराज शाक्य (४) देवबहादुर साहु (५) मुनिराज शाक्य (६) राजमान शाक्य (७) धनरत्न शाक्य (८) सिद्धिराज शाक्य (९) कृष्णमान शाक्य (१०) थिरबहादुर शाक्य र उपासिकाहरू (१) रत्न थकुँ शाक्य (२) भक्तकुमारी शाक्य (३) गणेशकुमारी शाक्य आदिलाई पक्राउ गरेका थिए। भिक्षु अमृतानन्दलाई हतकडी समेत लगाई जेल हाली क्रुर निरंकुशताको प्रदर्शन गरेका थिए। भिक्षु महाप्रज्ञालाई देश निकाला गरी त्यहाँ आएको भन्ने थाहा पाएपछि दुवै भिक्षुलाई धनकुटा जेल चलान गरी पछि त्यहाँबाट पनि जोगबनी कटाई देश निकाला गर्यो।

शाक्य मुनि विहारमा नियमित श्रद्धालु उपासक, उपासिकाहरूबाट हुने त्रिरत्न वन्दा, बुद्ध पूजा, परित्राण पाठले श्रद्धावानहरू क्रमश: वृद्धि हुँदै गयो। यहि क्रममा



Downloaded from http://www.dhamma.digital

वि.सं. १९९४ सालदेखि शाक्यमुनि विहारमा बुद्ध जयन्ती भव्य रूपमा रथ यात्रा गरी मनाउने परंपरा नेपालकै प्रथम र उल्लेखनीय रहेको कुरा सर्वविदित छ । यहि शाक्यमुनि विहारका धर्म मित्रहरू मध्येबाट आफ्नो पुण्य संस्कार अनुसार गृह त्याग गरी बुद्ध धर्मको प्रचार प्रसार र उत्थानमा निम्न व्यक्तिहरूले उल्लेखनीय योगदान पुऱ्याउनु भएको छ । जसमा १. भिक्षु शाक्यानन्द महास्थविर २. भिक्षु सुबोधानन्द महास्थविर ३. भिक्षु प्रज्ञारश्मी महास्थविर ४. भिक्षु विवेकानन्द महास्थविर ५. भिक्षु अग्गधम्म ६. दयारत्न श्रामणेर ७. सुगतानन्द श्रामणेर ८. सुशिला गुरूमां ९. सुजाता गुरुमा १०. रत्नमंजरी गुरूमां आदि ।

वि.सं. २०१४ सालमा भोजपुर टक्सारका शाक्य समाजका परिवारका कुलपुत्रहरूलाई चुडाकर्मकोलागि काठमाडौं लान ल्याउन समस्या परिरहेको थियो, त्यहि कठिनाइलाई दृष्टिगत गरी शाक्य समाजको अनुरोध अनुसार तात्कालिन राजा त्रिभुवनको आदेशानुसार सोहि शाक्य मुनि विहारको दलानमा बुद्धमूर्ति प्रतिस्थापन गरी चूडाकर्म गर्ने व्यवस्था अद्यापि रहँदै आएको छ । वि.सं. २०१८ सालमा शाक्यमुनि बौद्ध संघको तत्वावधानमा त्यहांका उपासक, उपासिका र ग्रामिवासीको सहयोगले अखिल नेपाल भिक्षु महासंघ संग प्रार्थना गरे अनुसार भिक्षु शाक्यानन्द महास्थविर प्रमुख, भिक्षु श्रामणेरहरू १० जना उपस्थित भई नौ दिन सम्म महापरित्राण पाठ भएको थियो । सोहि महापरित्राणको महानपुण्य कार्यको उपलक्ष्यमा भिक्षु संघलाई उक्त शाक्य मुनि विहार श्रद्धालु उपासक, उपासिकाहरू र ग्रामवासीहरू मिलि दान दिने कार्य सम्पन्न भयो । यस प्रकार वारिपारी दुई टौल, उत्तर पट्टि रमाइलो सल्लाघारी पाखा, अनि बिचमा सँधै कलकल निर्मल, रसिलो, मीठो पानी बग्ने तिन धारा हिटी त्यस ऐतिहासिक तथा रमणीय टक्सार बजार अवस्थित सम्पूर्ण टक्सार एवं भोजपुर बासीलाई एकसूत्रमा आबद्ध बनाउन र शान्तिको सन्देश फैलाउन सक्षम सबैको आस्थाको केन्द्र शाक्यमुनि विहार आज जिर्ण अवस्थामा श्रद्धालुहरूको सहयोगको अपेक्षा गरेर पर्खिरहेको छ । विभिन्न आफ्नै व्यक्तिगत कारणहरूले त्यहांका बासिन्दाहरूले बसाई सर्न थालेपछि त्यहाँ भएका ऐतिहासिक धरोहरहरू विस्तारै समाप्त हुने अवस्थामा पुगीसकेका छन् । त्यसैले हामी सबै मिलेर त्यस ऐतिहासिक तिर्थस्थलको संरक्षण र सम्बर्द्धनमा सकेको सहयोग गरौं । ■

*( भोजपुर टक्सार शाक्य समाज, ललितपुर )*

# शीलया ल्यूल्यू विपश्यना

■ भरतराज चित्रकार
त्यौड, टंलाछी त्वा: (वथुननी)

प्राणी हत्या यायेमखु धका म्हुतुं धैइच्वनासां
खनेय मदयूक भीसं द्वंका च्वनागु हे दु
खुया कायेमखुत नं धैइच्वनासां
लोभला भीस न्ह्याका च्वनागु हे दु
मखुगु, असत्यगु खँ ल्हायेमखुत धैइच्वनासां
थ:यात जक छिंगु ज्या भीसं पुवंकाच्वनागु हे दु
व्यभिचार नं यायेमखुत धैइच्वनासां
कुदृष्टिं भीसं स्वयाच्वनागु हे दु
लगयूजुइगु वस्तु त्वनेमखुत आ धैइच्वनासां
बेहोसी जुया भीसं नसालु छ्यलाच्वनागु हे दु
अले हानं, थ:त थमतुं घा: याना खनेमदयूक स्याकाच्वनागु दु
सुनानं स्यायेमफुगु मिं थ:त च्याकाच्वनागु हे दु
द्वेष, तृष्णा अले मोहया जा:लय् तक्येना
दु:खया सागरय् भी क्वब्बानाच्वनागु हे दु
अयूजुगुलिं आ भीसं न्ह्योलें चायक्यमागु दु
वाचायेका: भयमित, आकुलव्याकुल, निरासं मुक्त जुयमा:गु हे दु
कर्म भाषाया ल्यू ल्यू धर्मया भाषा थुइके मा:गु दु
दुष्कर्म सदां त्व:ता: सुकर्म भीसं यायेमा:गु हे दु
ध्व हे न्यागू शील क्वातुक्क ज्वना:
मनयात भीसं बसय् तयेमागु हे दु
मनुष्य जीवन अमूल्य जीवन, थुकीयात सितिकं फुकेमते स्व
होशय् च्वनेत, छकसां भीसं "विपश्यना" ध्यान च्वनेमागु हे दु ।

**वनेपा वाल आश्रम मेत्ता सेन्टर लाइ सहयोग**

| | | |
|---|---|---|
| १. | वीणा कंसाकार, क्षेत्रपाटी | रु. १,००५/- |
| २. | प्रकाश तुलाधर, [illegible] | रु. १,०००/- |
| ३. | स्वयम्भू धर्म पासा पुच: | रु. ६००/- |
| ४. | तेजमाया, [illegible] | रु. ५०२/- |
| ५. | [illegible] | रु. ५०३/- |
| ६. | डा. केशरीलक्ष्मी मानन्धर | रु. ५००/- |
| ७. | पवनकर्मी | रु. ५००/- |
| ८. | बाबुराजा तुलाधर, ग्लास हाउस, असन | रु. ५००/- |
| ९. | विष्णुभक्त रंजित, कलंकी | रु. ५००/- |
| १०. | स्व. पुत्रको स्मृतिमा तीर्थदेव मानन्धर | रु. ४००/- |
| ११. | निर्मला कंसाकार, [illegible] | रु. २००/- |

# भाग्य र पुरुषार्थ

– नरेन्द्रनाथ भट्टराई

प्रयास विना मिल्ने सुख दु:ख, घटना-दुर्घटना, मिलन विछोड आदि कुरालाई भाग्य भनिन्छ भने आफ्नै प्रयास मिहनत, साधनाबाट मिल्ने परिणामलाई पुरुषार्थ भनिन्छ । यी दुईमा कुन चाहिँ बलवान हो भन्ने बारे यो कथा पढौं र बुझौं :

**शिक्षा**

**आफूसँग भएको बुद्धि र बल इमान्दारीपूर्वक लगाएर परीणाममा सन्तोष लिने गरेमा हाम्रो जीवन सार्थक हुन्छ ।**

"एउटा नगरमा दुइजना विद्वान पण्डितहरूका बीच मा कुराकानीको क्रममा एकजना भाग्य ठूलो भन्ने र अर्कोले पुरुषार्थ ठूलो भन्ने कुरा उठ्यो । कुरा गर्दा गर्दै दुइजनाको वादविवाद चर्कन थाल्यो । आखिर हात हालाहालसम्म पनि हुन थाले । दुबैलाई पुलिसले पक्रेर राजाकहाँ पुऱ्याए । राजाले दुबैजनाको तर्क सुनिसकेपछि भोलि यस कुराको फैसला गरूँला, आज एक रात यी दुबैजनालाई दरबारको एउटा कोठामा बन्द गरेर बाहिरबाट ताल्चा लगाइदिनू भन्ने हुकुम भयो । रातको समय भैसकेको थियो । ती दुबैलाई एउटा अन्धकार कोठामा लगेर ढोकाभित्र हुली चौकीदारले बाहिरबाट ताल्चा लगाइदियो । भाग्यवादी पण्डित, "लौत ! भाग्यले यहाँ ल्यायो, रात परिहाल्यो, अब यहीं, पल्टिनुपऱ्यो" भनी ढोकाकै छेउमा सुकूलमा पल्टिए । पुरुषार्थवादी चाहिँ कोठामा अँध्यारो भए पनि यताउता छामछुम गर्न थाले । अलीकति पर पुग्नेबित्तिकै ठूलो टेबुलमा उनको हात पऱ्यो । त्यहाँ यताउता छाम्दा उनले सलाईको बट्टा भेट्टाए ! त्यहीं नजिकै ठूलो मैनबत्ती देखे । सलाई कोरी त्यो मैनबत्ती बाले । कोठाभरी प्रकाश भयो । गजब ! छेवैमा राम्रा दुई पलंग र उता अर्को टेबुलमा दुई भाग अति स्वादिष्ट भोजन राखिएको देखे ! भोक लागिरहेकोले खाना खान बसे । उता देखे भाग्यवादी मित्रको हालत, ढोकैनेर सुकूलमा कुकुक्क परेर निदाइरहेका ! दया लाग्यो र उनलाई गएर घचघच्याए । भाग्यवादीले आँखा खोले । अर्का साथीले "भोक लागेको होला खाना खान आऊ" भनेर उठाएर पर लगी खाना खाँदै भने, "हेर पुरुषार्थ कस्तो हुँदो रहेछ ! मैले कोशिश नगरेको भए यो उज्यालो, यो ओछ्यान फेला पर्ने नै थिएन साथै भाग्यको भरपर्ने तिमीले जस्तै भोकै अन्धकारमा सुकूलमा सुत्नु पर्थ्यो । अब त मान्छौ कि भाग्यभन्दा पुरुषार्थ ठूलो भनेर ?" यो कुरा सुन्दा हाँस्दै भाग्यवादीले भने, "हेर मित्र ! यो सबै भाग्यको करामत हो ! भाग्यमा नभएको भए तिमीलाई अँध्यारोमा छामछामछुमछुम गर्ने बुद्धि नै आउँदैनथ्यो । ढोकैमा आनन्दसँग सुतेको मलाई पनि मेरै भाग्यले उठाएर प्रकाश, खाना र आरामदायी ओछ्यान दिलायो । मेरो भाग्यमा नभएको भए तिमीले मलाई उठाउने नै थिएनौ !" यसरी दुइजनाको विवाद त्यहाँ पनि टुङ्गिएन ! दुबैजना आरामसँग सुते ।

भोलिपल्ट राजाकहाँ दुबैलाई उभ्याइयो । राजाले "तिमीहरूको वादविवाद टुङ्गियो त ?" भनी सोधे । "टुङ्गिएन महाराज ! हजुरले नै टुङ्ग्याइदिनु पऱ्यो" भनी दुबैले भने । तब राजाले, "तिमीहरूको प्रश्नको जवाफ त हिजो राती कोठामा घटेको घटनाबाट स्पष्ट भैसक्यो" भने । "कसरी ?" भनी तिनीहरूले सोद्धा राजाले भने– "यी दुई भाग्य र पुरुषार्थ भन्ने कुरा हेर्दा, सुन्दा दुईटा जस्ता देखिएता पनि यी दुई अभिन्न छन् । एउटा मात्र लियौ भने त्यो अधूरो हुन्छ । भाग्य र पुरुषार्थ साथै भएमा मात्र यो पूरा हुन्छ । तसर्थ म भन्छु, भाग्य मात्र पनि गलत हो, पुरुषार्थ मात्र पनि गलत हो । दुबै मिलेको सही हो । तसर्थ पुरुषार्थ गर, उद्योग उन्नति गर तर फलको लागि भाग्यको भर पर । मैले यसो गरें, यस्तो पाएँ भनेर नगम्किनु । केही काम बिग्रियो नासियो भने पनि भाग्यको भोग सम्झेर दु:खित नहुनु, यही हो भाग्य, पुरुषार्थको मिलन । यिनलाई अलग अलग राखेर हेर्नु हुन्न ।"





Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार —— गतिविधि

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय नियमित कार्यक्रम अन्तर्गत २०६४ बैशाख २२ गते मदन रत्न मानन्धरबाट "बुद्ध जीवनीमा विभिन्न पूर्णिमाहरूको सम्बन्ध" विषयमा यसरी प्रकाश पार्नुभयो ।

बैशाख पूर्णिमा - बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाण प्राप्ति (२६३१ वर्ष अघि), (२५९६ बर्ष अघि) (२५५१ वर्ष अघि) तथा भगवान बुद्ध कपिलवस्तुमा प्रथम आगमन

जेष्ठ पूर्णिमा - कपिलवस्तुमा महासमय सूत्र देशना (महादेव स्रोतापन्न भएको घटना वर्णन यस सूत्रमा पाइन्छ ।)

आषाढ पूर्णिमा - सिद्धार्थको गर्भ प्रवेश, महाभिनिष्क्रमण (२६०२ बर्ष अघि), धर्मचक्र प्रवर्तन (२५९६ बर्ष अघि) श्रावस्तीमा यमक ऋद्धि प्रातिहार्य प्रदर्शन, अभिधर्म देशना (२५८९ बर्ष अघि), बर्षावास प्रारम्भ ।

भाद्र पूर्णिमा - पारिलेय्यक वनमा बर्षावास, पारिलेय्यक हात्ति र बाँदरबाट मह दान (मधु-पूर्णिमा)

आश्वीन पूर्णिमा- त्रायस्त्रिंश देवलोकमा अभिधर्मको देशना पश्चात् पृथ्वीमा पुनरागमन - संकास्यमा (हुलाक टिकट प्रकाशन वि.सं २०६३ साल), बर्षावास परिसमाप्ति, कथिन उत्सव प्रारम्भ

कार्तिक पूर्णिमा - अजातशत्रु बुद्धको शरणमा गएको, सारिपुत्र महापरिनिर्वाण, कथिन उत्व परिसमाप्ति

पौष पूर्णिमा - बुद्धको सर्वप्रथम राजगृह आगमन

माघ पूर्णिमा - आयु संस्कार परित्याग (२५५२ बर्ष अघि), मारलाई वचन प्रदान

फागुन पूर्णिमा - बुद्ध हुनुभएपछि सर्वप्रथम कपिलवस्तु तर्फ प्रस्थान ।

इन्दावती गुरूमांबाट संचालन भएको र सुभद्रा स्थापितबाट रिपोर्टिंग भएको सो दिनको कक्षामा सदाझैं त्रिरत्न वन्दना र पुण्यानुमोदन पनि गरिएको थियो ।

*२०६४ जेष्ठ ५ गते, शनिबार ।*

**विषय- विचित्र धर्म वक्ता बुद्ध**

*स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घल ।*

*प्रस्तुती- विजय लक्ष्मी शाक्य*

यस दिन श्रद्धेय अश्वघोष भन्तेले कुशल र सक्षम वक्तामा हुनुपर्ने गुण भएका व्यक्तिमा तथागत बुद्धलाई श्रेष्ठतम विचित्र धर्म वक्ताको संज्ञा दिनु भयो ।

उहाँले भन्नुभयो कि बुद्धले मानिसको मनोदशा बुझेर समय, काल, परिस्थिति अनुसार उपदेश दिनु हुन्थ्यो । रानी श्यामावतीको दासी खुज्जुतराले भगवान बुद्धको उपदेश सुनिन् । कर्तव्य पालन गर्दा इमान्दारीता भएमा विश्वासी होइन्छ भनेर सुने पछि पहिले आफ्नो मालिकले दिएको आठ रुपीयाँमा (४) चार रुपैंयाको मात्र फुल लग्ने दासीले पछि आठै रुपीयाँको फुल लगेर दिए । श्यामावतीले पनि उनको कुरासुनेर गालि दिनुको सट्टा बुद्धको उपदेश सुनेर दासी परिवर्तन भएकोले आफूले पनि उनकै द्वारबाट उपदेश सुन्ने इच्छा पोखे । राम्रो संस्कारकै कारणले यसरी भित्री मन देखी बुद्धलाई नदेखे पनि शरणमा गए रानी श्यामावती ।

त्यस्तै गाई हराएको भोको गोठालोको कथामा त्यो गोठालो एक जना मात्रै त्यस धर्म सभामा बोध हुने देखि उसलाई खाना खुवाइसके पछि मात्र उपदेश दिनु भयो र त्यो मान्छे पनि स्रोतापन्न भयो भनी बताउनु भयो । यसरी बुद्धले दिनु हुने दान कथा, शील कथा, सग्ग कथा, कामानं आदिनव कथा, नेक्खम्मे आनिसंस आदि कथा सुनिसके पछि मानिस बोध हुन्थे । ज्ञान प्राप्तिले गर्दा आँखा भए पनि अन्धो आफूलाई ठानेर बुद्धको ज्ञानको ज्योतिले गर्दा सबै कुराहरू अन्धकारमा बत्ती भएपछि देखे सरी बुद्ध, धर्म, संघको शरणमा जान्छन् । यसरी लाखौं, करोडौं जनमानुसलाई धर्ममा दिक्षित गर्न सक्ने भगवान बुद्धलाई विचित्रको धर्म वक्ता नभनेर कसलाई भन्ने भनी रमाइलो तरिकाले हामी पनि यस्तै उपदेश सुनेर आचरण व्यवहार सुधारौं भनी भन्नु भयो ।

## २४ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न

*स्थान- धर्मकीर्ति विहार, श्रीघ:नघ:, काठमाडौं ।*

बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाणको त्रिसंयोग जुधेको दिन बुद्ध सम्वत २५५१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारले २०६४ वैशाख १५ गते शनिवारका दिन २४ औं पटकको रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

धर्मकीर्ति विहारको ४२ औं वार्षिकोत्सव एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ३६ औं वार्षिकोत्सवको उपलक्ष्यमा सो कार्यक्रम सम्पन्न गरिएको थियो ।

धर्मकीर्ति विहारका गुरुमांहरू अनुपमा गुरुमां, दानवती गुरुमां, मेत्तावती गुरूमां आदिबाट बौद्ध परम्परा अनुसार सामुहिक परित्राण पाठ गरी रक्तदान कार्यक्रम शुरू गरिएको थियो ।

"रक्तदान अमृतदाम" र "आफ्नो केहि रगतले अरूको जीवन बाँच्छ र उसको उपकार हुन्छ भने त्यस्तो अवस्थामा रक्तदान गर्दा उक्त कार्यले बुद्ध शिक्षा अनुसार दान उपपारमिता पूरा गरेको ठहरिने "बुद्ध शिक्षा अनुसार यस धर्मकीर्ति विहारले २४ वर्ष अघि देखि निरन्तर रूपमा रक्त संचार केन्द्रको कार्यमा सहयोग पुऱ्याउँदै आएको छ ।

उक्त रक्तदान कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अरूण सिद्धि तुलाधर र सुरेश मान डंगोलले फोटो खिची सहयोग पुऱ्याउनु भएको थियो । सो कार्यक्रममा ध.बौ.अ. गोष्ठीका अमृत रत्न ताम्रकार, विद्या सागर रंजित, मदन रत्न मानन्धर, दिपक रत्न शाक्य, उद्योग रत्न तुलाधर, रोशन काजी तुलाधर, मचा काजी महर्जन, सुश्री कमल मैंयाँ बज्राचार्य, सुश्री मीन शोभा शाक्य, सुश्री राम कुमारी मानन्धर, सुश्री सुभद्रा स्थापित आदिले अति आवश्यक सहयोग पुऱ्याउनु भएका थिए ।

यसरी नै रक्त संचार केन्द्रका कल्पना श्रेष्ठ– सहायक प्राविधिक, टीका खरेल– सहायक प्राविधिक, सानु कपाली– स्वयम् सेवक (विर अस्पताल), तनुजा के.सी– स्वयम सेवक, तुल्सा- स्वयम् सेवक आदिले रक्त संकलन कार्यमा सहयोग पुऱ्याउनु भएका थिए ।

यस वर्षको रक्तदान कार्यक्रममा यस धर्मकीर्ति विहारका गुरुमां-१, उपासक-३९ र उपासिका-२८ गरी जम्मा ६८ जवान रक्तदाताहरूले रक्तदान गरी सहयोग गर्नु भएका थिए । यसको विवरण तल उल्लेख गरिएका छन् :–

| सि.नं. | रक्तदाताको नाम | ठेगाना |
|---|---|---|
| १. | गुरुमां खेमावती | धर्मकीर्ति विहार |
| २. | नानी शोभा शाक्य | कोपुण्डोल |
| ३. | अगम्यरत्न कंसाकार | केल, मासंगल्ली |
| ४. | रेणु खड्गी | नक्साल सत्मार्ग |
| ५. | हीरादेवी महर्जन | त्यौड |
| ६. | न्हुच्छेमाया महर्जन | वटु |
| ७. | मचाकाजी महर्जन | त्यौड फल्चा |
| ८. | रूजन श्रेष्ठ | मरू, चिकंमुगल |
| ९. | नगेन्द्र डंगोल | असन |
| १०. | मिलन महर्जन | मासंगल्ली |
| ११. | कीर्तिमैयाँ सिंह | नघ:ल |
| १२. | सृजना वज्राचार्य | सामाखुसी |
| १३. | सनिसकुमार श्रेष्ठ | वटु |
| १४. | प्रविण वज्राचार्य | ओम बहाल |
| १५. | ज्ञानी महर्जन | त्यौड |
| १६. | शान्ती महर्जन | त्यौड |
| १७. | राहुल अग्रवाल | नघ:ल टोल |
| १८. | सुविन महर्जन | त्यौड टोल |
| १९. | सुशिल कंसाकार | नघ:ल टोल |
| २०. | सुरेन्द्र महर्जन | खुसिबुँ |
| २१. | रचना सिंह | नघ:ल |
| २२. | अनिल वज्राचार्य | क्षेत्रपाटी |
| २३. | अनिता महर्जन | नच्छे गल्ली |
| २४. | नविनकृष्ण चित्रकार | न्ह्योखा |
| २५. | सिद्धार्थ शाक्य | कुमारी पाटी |
| २६. | मीना प्रजापती | कुनाननी |
| २७. | सरोज श्रेष्ठ | ठमेल |
| २८. | पूर्णकेशरी महर्जन | डल्लु, स्वयम्भू |
| २९. | जमुना महर्जन | त्यौड, तलाछ्री |
| ३०. | विक्रम थापा | धोविचौर |
| ३१. | प्रमिला कंसाकार | मासंगल्ली |
| ३२. | हरिकृष्ण डंगोल | कालधारा |
| ३३. | शषनाराणय डंगोल | त्यौड |
| ३४. | श्रद्धा वज्राचार्य | ढोका बहाल |
| ३५. | अखिलेस थापा | बाग बजार |
| ३६. | निरज श्रेष्ठ | नघ:ल |
| ३७. | सुमित श्रेष्ठ | बागबजार |
| ३८. | आदर्श महर्जन | नयाँ बजार |
| ३९. | पञ्चकुमारी महर्जन | ज्याठा |
| ४०. | उद्धव कायस्थ | नघ:ल |
| ४१. | मंगल दास श्रेष्ठ | बलम्बु |
| ४२. | कल्पना शाक्य | धुम्वाराही |
| ४३. | अनिलकृष्ण जोशी | नघ:ल |
| ४४. | अनुप्रधान (जोशी) | नघ:ल |
| ४५. | विनोद जोशी | नघ:ल |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ४६. | लजना जोशी | नघ:ल |
| ४७. | केशव नगरकोटी | कमलादी |
| ४८. | अनिता महर्जन | असन |
| ४९. | राजेशमान सिंह तुलाधर | शुक्रपथ, न्यूरोड |
| ५०. | राधा मानन्धर | ठमेल |
| ५१. | निमिष बानिया | भोछें |
| ५२. | निर्मल सिखाकार | नयाँ वजार |
| ५३. | दिपकरत्न शाक्य | ढल्को |
| ५४. | नितु श्रेष्ठ | ज्याठा |
| ५५. | दिपकलाल श्रेष्ठ | वाँङ्गेमुढा |
| ५६. | संगिता महर्जन | यटखा |
| ५७. | अमित जोशी | नघ:ल |
| ५८. | सुजिता डंगोल | टेङ्गल |
| ५९. | अशोककुमार महर्जन | पहिको |
| ६०. | सरीना ताम्राकार | लाजिम्पाट |
| ६१. | आनन्द चौधरी | बानेश्वर |
| ६२. | निरज श्रेष्ठ | डिल्ली वजार |
| ६३. | सिरी सिंह | कालधारा |
| ६४. | पूर्णिमा सिंह | कालधारा |
| ६५. | रेणु मानन्धर | त्यौड |
| ६६. | रमेश महर्जन | नघ:ल |
| ६७. | स्वस्तिक ताम्राकार | लाजिम्पाट |
| ६८. | हरी सापकोटा | लोकन्थली |

उक्त रक्तदान कार्यक्रमका लागि काठमाडौं महाराजगंज चक्रपथ निवासी दाता श्री पद्मरत्न तुलाधर र श्रीमती रञ्जना तुलाधरबाट आवश्यक आर्थिक सहयोग प्रदान गर्नुका साथै रक्तदाताहरूलाई रियो जूस परि वर्तनशील (अनित्य) Change and Thus Impermanent पोष्टर आदि उपहार चिन्ह स्वरूप प्रदान गर्नुभई पुण्य संचय गर्नुभएको थियो ।

यसरी नै रक्तदाताहरूलाई फलफूल, मिठाई, कोकाकोला, फ्रुटी, जूस, दुधर ग्लुकोज आदि धर्मदानको रूपमा प्रदान गर्नुभई पुण्य संचय गर्नुहुने दाताहरूको नाम यसरी रहेको छ:–

(०१) पुष्परत्न महर्जन (०२) इन्द्रमान पुच:
(०३) पूर्णहेरा पुच: (०४) सुभद्रा
(०५) लक्ष्मी नारायण (०६) कीर्तिमैंया पुच:
(०७) केशरी शाक्य (०८) मिश्री शाक्य
(०९) रामेश्वरी श्रेष्ठ (१०) अमृतबहादुर तुलाधर र
(११) कमलकेशरी (स्वर्गीय नानीशोभा तुलाधर र स्वर्गीय दिलबहादुर तुलाधरको पूण्यस्मृतिमा)
(१२) नाती महर्जन (१३) तीर्थमाया महर्जन

यस कार्यक्रममा सहयोगी एवं रक्तदाताहरू लगाएत दाता हुनु भएका अन्य सबै महानुभावहरूलाई धर्मकीर्ति स्वास्थ्य कमिटी तथा धर्मकीर्ति परिवारले धन्यवाद ज्ञापन गरेको छ ।

धर्मकीर्ति विहारले प्रत्येक वर्ष वैशाख पूर्णिमाको अघिल्लो शनिबारका दिन रक्तदान कार्यक्रमको आयोजना गर्दै आइरहेको कुरा सर्ब विदितै । धर्मकीर्ति स्वास्थ्य कमिटीका सदस्य स्वयम्भूरत्न तुलाधरको संयोजकत्वमा एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूको सहयोगद्वारा उक्त रक्तदान कार्यक्रम सम्पन्न भएको थियो ।

*२०६४ बैशाख २९ गते, शनिबार, सुथसिया ८:३०*

## विषय– ज्ञानमाला

*स्थान- धर्मकीर्ति विहार, श्रीघ:नघ:*
*प्रवचिका- रीना तुलाधर,*
*प्रस्तुती- प्रेम लक्ष्मी तुलाधर*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिया शनिवारिय कार्यक्रमय् रीना तुलाधरज्यू धयादिल–

मां धैम्ह भीगु जिन्दगिया न्हापांम्ह ज्ञान बिइम्ह: गुरू ख: । छें भीगु न्हापांगु आख: सय्केगु थाय् ख: । बुसां निसें मसीतल्ले न्ह्यावलेनं मदिक बाँलागु ज्ञानवर्द्धक शिक्षा कया च्वनेगु धैगु हे भिं जुइत ख: । सुनां मांबौ पिनिगु बाँलागु शिक्षा न्यनी वयागु जीवन सुथांलाई । वथेंतु धर्मयागु खँ कनीम्ह धर्म गुरू, भन्ते, गुरुमां ख: । गथेकी प्रवचन धर्म देशना, पंचशील, अष्टशील आदि यात न्यनाथें पालन याना: व्यवहारे छ्येलेफत धासा जीवनयागु महत्व दई ।

ज्ञानमाला भजन हालाथें बाँलाक थुइका: म्ये हालेगु, यात धा:सा कुशल कर्म बनेजुई । बुद्धयागु पाले भजन यागु उल्लेख मदु । खासयाना राणा कालंनिसें तिनी प्रज्ञानन्द भन्ते पाखें बुद्ध शिक्षा, वाचनयात बाखँ कनकी ज्वना यकीगुलिं भजनया रूपे प्रचार प्रसार या:गु ख: ।

दकले न्हापा किण्डोल विहारे भजन न्यंका: मनुतय्त प्रभाव याना बुद्धोपासक देयेकेगुली अग्रसर जुइत ता:ला:पिं भन्तेपिं प्रज्ञानन्द, महाप्रज्ञा, अमृतानन्द, सुबोधानन्द मुख्यपिं भन्तेपिं ख: ।

ज्ञानमाला यागु मुख्य उद्देश्य स्वागुलि बाँला अर्थेतु ज्ञानमाला धैगु नं बाँबाँलागु सेल्लागु बुद्ध धर्म बचनयागु अनित्य लुमंका तगु अल्याख ज्ञानवर्द्धक खँग्व:त मा:हना तयात:गु छगू माला ख: । गुकियात ज्ञानयागु माला ज्ञानमाला धका नां छुनात:गु ख: ।

ज्ञानमाला मे हाला मनोरञ्जन जक याय्गु मखु ज्ञानंयुक्त भजनयात थुइका: स्मृति तया: थाकुगु धर्मयात अ:पुगु तरिकां नालाकया: धर्मया अभ्यास याय्गु ख: ।

ज्ञानमाला यात थुकथं नालाकाय बहजु गथेकी-ज्ञानमाला :

ज्ञान माला

ज्ञान मा:ला ?

ज्ञान माला: स्वयुमाल अले उकीयात हनेमाल । माला हना: क्वखाया: ज्ञानयुक्तम्ह: जुई फयेकगु हे ज्ञानमाला भजनया उद्देश्य ख: भिगु दायित्व ख: ।

**हना ज्याझ्व:**

धर्मकीर्ति विहारय् धर्मकीर्ति संरक्षण कोषया ग्वसाले विभिन्न मिति हनाज्याझ्व: सम्पन्न जूगु दु ।

**[१] २०६३ चैत्र १९ ल्हुतिपुन्ही**

*स्थान- धर्मकीर्ति विहार श्रीघ:न:घ: ।*

बुद्ध शिक्षा चिरस्थायी एवं प्रचार ज्याय थ:गु अमूल्य योगदान बियाबिज्यां:गु कारणं म्यानमार सरकार पाखें ०६३ फागुण १८ गते नेपालया भिक्षुणी सुजाता व उपासक द्रव्यमान सिंह तुलाधरयात सद्धम्म जोतिक धज उपाधि प्रदान या:गु उपलक्षे ध.की.सं.कोष धर्मकीर्ति विहारं वसपोलपिन्त हनेगु ज्या क्वचायकूगु दु ।


अथेहे थुखुन्हु उपासक सानुरत्न स्थापितयात नं वयकलं बुद्ध शिक्षा प्रचार ज्याझ्वले यानादीगु अमूल्य योगदानयात कदर यासे हनाज्या जुल ।

धर्मकीर्ति संरक्षण कोषया अध्यक्ष धम्मवती गुरुमानं स्वागत भाषण यानादीगु उगु ज्याझ्व: सचिव कीर्ति तुलाधरं संचालन यानादीगु ख: ।

**[२] २०६४ वैशाख ११ गते, मंगलबार**

*स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घ:*

धर्मकीर्ति विहारया बुदिंया उपलक्ष्ये न्ह्या:गु बुद्धपूजा ज्याझ्व:लं लिपा धर्मकीर्ति विहार भवन निर्माण ज्याझ्वलय् गुहाली यानादीपिं श्रद्धावान दातापिन्त हनेगु ज्याझ्व: सम्पन्न जुल । उगु ज्याझ्वलय् पूज्यनिय धम्मवती गुरुमांनं विहार भवन निर्माणया लागि गुहाली बियादीपिं सकल दातापिन्त कृतज्ञता देछासे साधुवाद बिया बिज्या:गु ख: । धर्मकीर्ति विहार संरक्षण कोषपाखें संचालित उगु ज्याच्वले हनापौ देछा:गुयात सहर्ष स्वीकार यानाबिज्या:पिं दातापिनिगु नां धल: व योगदान विवरण थुकथं उल्लेख जुयाच्वंगु दु ।



*सम्मानित व्यक्तित्वपिं सम्मानं लिपा*

| क्र.सं. | दाताया नां व ठेगाना | योगदान विवरण |
|---|---|---|
| १. | भिक्षुणी धम्मवती, धर्मकीर्ति विहार | धर्मकीर्ति संरक्षण कोषयात धर्मकीर्ति विहार ल:ल्हाना विज्या:गु |
| २. | हर्षमान शाक्य, वकुवहाल | जग्गा दाता |
| ३. | उपासिका हेरा थकुं शाक्य, वकुवहाल | कोठा निकू |
| ४. | उपासिका केशरी लक्ष्मी कंसाकार, जमल | जस्ता पाता |
| ५. | उपासिका दानलक्ष्मी कंसाकार केल टोल | सिं |
| ६. | उपासिका लक्ष्मी प्रभा तुलाधर, असन | न्हायकं व मेमेगु सामान |
| ७. | उपासिका हेरादेवी कंसाकार जनबहा: | कोठा छकू |
| ८. | उपासक भीमरत्न स्थापित व | |
| | उपासिका हेरामाया स्थापित ज्याथा | कोठा स्वकू व हल छगू |
| ९. | उपासक हेराकाजी राजकर्णिकार, दिल्लि वजार | भुतू कोथा छगू, हल त:धं या:गु |
| १०. | उपासिका आशामाया राजकर्णिकार, मरु | हल त:धं या:गु |
| ११. | भीम वहादुर, दिलमाया महर्जन मासंगल्ली | कोठा निकू |
| १२. | द्रव्यमान सिंह तुलाधर, जयनेपाल | विहार पुन: निर्माण या:गु |

धर्मकीर्ति संरक्षण कोषया सह सचिव मीना तुलाधरं संचालन यानादीगु थुगु ज्याझ्वले दातापिं सकसितं हनापौ देछायुगु ज्याझ्व: सम्पन्न जुलसा सदस्य भाजु मदन रत्न मानन्धरं हनापौ व अभिनन्दन पौ ब्वना: न्यंकादीगु ख: । अथेहे सचिव कीर्ति तुलाधरं सुभाय् देछानादीगु ख: ।



Downloaded from http://www.dhamma.digital

## चारस्तुपहरूको भ्रमण

*२०६४ ज्येष्ठ १९ गते, शनिबार ।*
*स्थान- यम्पि विहार इबही ललितपुर ।*

धर्मकीर्ति विहारको आयोजनामा, धम्मवती गुरुमांको सक्रियतामा ललितपुर स्थित चार वटा ऐतिहासिक बौद्ध स्तुपहरूमा बुद्धपूजा भ्रमण कार्यक्रम सम्पन्न गरिएको थियो । सम्राट अशोकबाट निर्मित उक्त चार थूर (स्पूपहरू) पुलचोकस्थित पूच्वथूर, लगनखेलको लगं थूर, ग्वार्कोको तेताथूर र ईबहीको ईबहीथूर गरी चार स्तूपहरूमा धर्मकीर्ति विहारका हजारौं उपासकोपासिकाहरू लगायत गुरुमांहरूको तर्फबाट पनि सश्रद्धा फलफुल, नैबेद्य र दक्षिणा चढाई अन्तिममा ईबहीस्थित यम्पि विहारमा बुद्धपूजा गरिएको थियो ।

यम्पि विहारका प्रमुख भिक्षु भद्दियले उक्त कार्यक्रममा स्वागत भाषण गर्नुहुँदै यम्पि विहारको ऐतिहासिक महत्त्व प्रस्तुत गर्नुभएको थियो भने उहाँ बुद्धशासनमा प्रव्रजित हुनु हुँदा धम्मवती गुरुमांले पुऱ्याउनुभएको अविस्मरणिय एवं अमूल्य योगदानलाई स्मरण गर्नुभएको थियो ।

धर्मदेशना गर्नुहुँदै भिक्षुणी धम्मवतीले भन्नुभयो "मानसिकशान्ति प्राप्त गर्नका लागि आफ्नो मनभित्र रहेका लोभ, क्रोध र मोह त्याग गर्नुपर्ने विषयमा निग्रोध श्रामणेरले दिनुभएको बुद्ध शिक्षालाई मनन गरी अहिंसा पथ अंगाली हतियार त्याग गर्नुभएका सम्राट अशोक महाराजाले बुद्ध शिक्षाको महत्त्वलाई बुझी धर्मप्रचारार्थ थुप्रै स्तुपहरू बनाएका थिए । ती स्तूपहरूमध्ये ललितपुरका यी चारस्तुपहरू पनि हुन् । बुद्ध शिक्षानुसार धार्मिक कार्य गर्दा यी चार तरीकाले मध्ये १ तरीकाले मात्र कार्य गरेपनि आफूलाई पुण्य प्राप्त हुन्छ । १) आफुले नै धार्मिक कार्य गर्ने २) अरुलाई गराउने ३) अरुले गरेको धार्मिक कार्यमा सहयोग गर्ने ४) अरुले गरेको राम्रो कार्य देखि खुशी हुने ।

आज हामीले सम्राट अशोकले बनाएर जानुभएको बौद्ध स्तुपहरूमा श्रद्धा भक्ति चढाई उहाँको गुण स्मरण गर्दै उहाँको राम्रो कार्यलाई अनुमोदन गरी पुण्य कमाएका छौं । यसको साथै बुद्ध शिक्षा श्रवण गरी आफ्नो मनलाई पवित्र पाऱ्यौं र दान पुण्य गरी पुण्य संचय गऱ्यौं ।

बुद्ध पूजा शुरु गर्न अगाडि धर्मकीर्ति ज्ञानमालाको तर्फबाट ज्ञानमाला भजन पनि प्रस्तुत गरी कार्यक्रम अझ रोचक बनाइएको थियो ।

कार्यक्रमको अन्त्यमा यम्पि विहार दायक समितिका सभापति तन्त्रमुनी शाक्यले धन्यवाद व्यक्त गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

बुद्धपूजा सहभागी भएका उपासकोपासिकाहरूकै तर्फबाट जलपान को व्यवस्था मिलाइएको थियो भने जलपान तयार गर्ने जिम्मा यम्पि विहारका उपासकोपासिकाहरूले लिएका थिए ।

यसरी नै तन्त्रमुनी शाक्यले कार्यक्रममा सहभागी भन्ते गुरुमांहरू सबैलाई उहाँकै धारणा भोजनको व्यवस्था मिलाउनु भई पूण्य सञ्चय गर्नुभएको थियो ।

## बौद्ध परियत्ति शिक्षा परीक्षाय् उत्तीर्ण विद्यार्थीपिन्त पुरस्कार

*२०६४ जेठ १९ गते शनीवार ।*
*स्थान- धर्मकीर्ति विहार श्रीघ:न:घ: यें ।*

धर्मकीर्ति परियत्ति शिक्षा बोर्ड पाखें बुद्ध सम्बत् २५५० बौद्ध परियत्ति शिक्षा परीक्षाय् उत्तीर्ण जूपिं परिक्षार्थीपिन्त प्रमाण पत्र व पुरस्कार ल:ल्हाय्गु ज्याक्वचा:गु दु । शुभवती गुरुमांनं संचालन यानाबिज्या:गु थुगु कार्यक्रम भिक्षु बोधिज्ञानया प्रमुख आतिथ्ये व भिक्षुणी धम्मवतीया सभापतित्वे सम्पन्न जूगु ख: ।

भिक्षु बोधिज्ञानं पञ्चशील प्रार्थना याकाबिज्या:गु थुगु ज्याझ्वले चमेली गुरुमां नं स्वागत भाषण यानाबिज्यासे धर्मकीर्ति बौद्ध परियत्ति बोर्डया प्रतिवेदन प्रस्तुत याना बिज्यात ।

थुगु ज्याझ्वले मू पाहाँया आसनं भिक्षु बोधिज्ञानं परीक्षाय् उत्तीर्ण जूपिं विद्यार्थीपिन्त साधुवाद बिसे बौद्ध परियत्ति शिक्षाया महत्त्व कनाबिज्यातसा धम्मवती गुरुमांनं सभापतिया आसनं नवाना बिज्यासे धयाबिज्यात धर्मशास्त्र अध्ययन याय्गु धयागु हे थ्व याय्त्यो थ्व याय्मत्यो धयागु ज्ञान सीकेत ख: । उकें बौद्ध परियत्ति शिक्षा सय्का सीकूथें थुकीयात थ:गु जीवने छ्यले फुसा हे जक थ्व शिक्षा पाखें भीसं सक्कलिगु फाइदा काय्फै । उगु ज्याझ्वले लोचनतारा तुलाधरं सुभाय् देछानादीगु ख: ।

पुरस्कार वितरण कार्यक्रम सुरम्मावती गुरुमां नं संचालन यानाबिज्या:गु ख: ।

स्मरणिय जू, थुगु पुरस्कार वितरण कार्यक्रमय् दँय्दसं धम्मवती गुरुमां पाखें कोविद तह:या परीक्षा उत्तीर्ण जूपिंत विद्यार्थीपिन्त म्हतिं रु. १०००।- दां पुरस्कार बीगु याना वयाच्वंगु दु ।

अथेहे प्रत्येकमान जगत शोभा पुरस्कार व अंगुर मान सूर्यलक्ष्मी पुरस्कार नं दयँदसं बीगु व्यवस्था जूगु दु ।

अथेहे २०६४ सालय् पुरस्कार विवरण ज्याझ्वःयात चन्दा बियाः गुहाली यानादीपिं दातापिं थुकथं उल्लेख जुयाच्वंगु दु ।

## पुरस्कार कोष स्थापनार्थ चन्दा

| | *दाताया नां* | | *चन्दा विवरण* |
|---|---|---|---|
| १. | भिक्षुणी धम्मवती | रु. | २५,०००।- |
| २. | राजेश श्रेष्ठ | रु. | ५,०००।- |
| ३. | चमेली गुरुमां | रु. | ४,०००।- |
| ४. | वीर्यवती गुरुमां | रु. | ३,०००।- |
| ५. | जयवती गुरुमां | रु. | २,०००।- |
| ६. | द्रव्यमान सिं तुलाधर | रु. | १,५००।- |
| ७. | चम्पातता पुचः | रु. | १०१०।- |
| ८. | कर्ण कुमारी पुचः | रु. | १००२।- |
| ९. | दानकेशरी | रु. | १०००।- |
| १०. | कीर्तिमैंया | रु. | २०५।- |
| ११. | न्हुच्छे, वटु | रु. | २००।- |
| १२. | हीरालक्ष्मी शाक्य | रु. | २००।- |
| १३. | कमला गुरुमां | रु. | १००।- |
| १४. | कृष्ण देवी | रु. | १००।- |
| १५. | लक्ष्मीहीरा | रु. | १००।- |
| १६. | रत्नदेवी | रु. | १००।- |
| १७. | प्रेमलक्ष्मी | रु. | १००।- |
| १८. | दानशोभा शाक्य | रु. | १००।- |
| १९. | हीरादेवी जमल | रु. | ५०।- |
| २०. | चिनीमाया वज्राचार्य | रु. | ५०।- |
| २१. | मैंया तता | रु. | ५०।- |
| २२. | तीर्थ कुमारी | रु. | ५०।- |
| २३. | चन्द्रशोभा | रु. | ५०।- |
| २४. | रुप | रु. | ५०।- |
| २५. | सूर्यदेवी न्यूरोड | रु. | ५०।- |
| २६. | छोरी | रु. | ५०।- |
| २७. | बसुन्धरा लायकूसाः | रु. | ५०।- |
| २८. | अरुणा शाक्य | रु. | १०१।- |
| २९. | रत्नदेवी मानन्धर | रु. | ५०।- |
| ३०. | चिनीतता *(नाडी घडी छगः)* | रु. | २०।- |
| ३१. | पूर्णहीरा पुचः *(कापी न्यायूगु लागि)* | रु. | २०००।- |
| ३२. | शरण | रु. | ५०।- |
| ३३. | मोहन ठमेल | रु. | ५०।- |
| ३४. | किशोरी | रु. | १०।- |
| ३५. | पूर्णकेशरी | रु. | १०।- |
| ३६. | सूर्यमाया असं | रु. | १०।- |

## चीजवस्तु दान

| | *दाताया नां* | *चन्दा विवरण* |
|---|---|---|
| १. | धम्मवती गुरुमां | रुमाल २५ |
| २. | चमेली गुरूमां | रुमाल २४ |
| | | डटपेन ४० |
| | | सिसाकलम २० |
| | | कुसा ३ |
| | | झोला १ |
| | | साब्वों ५ |
| ४. | अनुपमा गुरुमां | रुमाल ११ |
| | | कापी १६ |
| | | डटपेन १८ |
| | | सिसाकलम १३ |
| ५. | संघवती गुरुमां | रुमाल ५ |
| | | सिसाकलम १२६ |
| | | कापी २४ |
| | | टूथपेष्ट ब्रस १० |
| | | डटपेन १२ |
| ६. | खेमवती | रुमाल ९ |
| | | कापी १२ |
| | | डटपेन ६५ |
| ७. | जयवती | रुमाल ७ |
| | | कुसा २ |
| | | टूथपेष्ट २ |
| | | ब्रस ५ |
| ८. | दानवती गुरुमां | साब्वों ५ |
| | | रुमाल ५ |
| | | कापी १३ |
| ९. | त्यागवती | रूमाल ५ |
| | | टूथपेष्ट ब्रस ५ |
| | | साब्वों ५ |
| १०. | इन्दावती | रुमाल ६ |
| | | कापी ३ |
| | | सावु ३ |
| | | टूथपेष्ट ब्रस ३ |



Downloaded from http://www.dhamma.digital

११. वीर्यवती गुरुमां रूमाल २५
डटपेन १२

१३. धम्मविजया गुरुमां डटपेन ७५

**जलपान–**

कार्यक्रम समापन लिपा उपस्थित सकलसित जलपान याकेया लागि व्यवस्थायाना बिज्याःपिं दातापिं चमेली गुरुमां व धर्मकीर्ति क्यहें पुचः ।

**धर्मकीर्ति ज्ञानमाला भजन यात सहयोग**

**धर्मकीर्ति ज्ञानमाला भजनयात थीथी व्यक्तिपिंसं थःगु श्रद्धां चन्दा सहयोग थुकथं देछाःगु दु ।**

| *दातायां नां* | *सहयोग विवरण* |
|---|---|
| १. श्री द्रव्य मान सिं तुलाधर | रु. ५०,०००।- |
| २. श्रीमती वसुन्धरा तुलाधर | रु. १०,०००।- |

*(स्व. मां ज्ञानदेवी व बाः हीरा काजी तुलाधरया पुण्य स्मृतिस)*

| | |
|---|---|
| ३. कयो मयजु | रु. ५,०००।- |

दाता महानुभावपिन्त धर्मकीर्ति ज्ञानमाला भजनं साधुवाद सहित सुभाय् देछासे वयकःपिनि थुकथं हे क्षण क्षणय् भिंगु चित्त उत्पत्ति जुजुं क्लेश हटेयाय्फुगु क्षमता वृद्धि जुजुं वनेमा धयागु कामना याःगु दु ।

**बुद्ध पूजा र धर्मदेशना**

*०६४ जेठ २५, सुवर्ण छत्रपुर विहार । ललितपुर*

सुवर्ण छत्रपुर विहारको आयोजनामा धर्मकीर्ति विहारबाट धम्मवती गुरमांको नेतृत्त्वमा बुद्ध पूजा कार्यक्रम संचालन गरिएको थियो ।

कार्यक्रममा धम्मवती गुरूमांले शील प्रार्थना गराउनुभई सप्तरत्न धन विषयमा धर्मदेशना गर्नुभएको थियो भने उक्त विहारले धर्मकीर्ति ज्ञानमाला भजनलाई पनि भजन प्रस्तुत गर्नको लागि निमन्त्रणा गरेनुसार भजन पनि प्रस्तुत गरिएको थियो ।

२०४४ सालमा निर्माण गरी हाल सम्म निर्माणाधिन अवस्थामा रहेको उक्त विहारको निर्माण कार्य सम्पन्न गर्नको लागि इच्छुक दाताहरूको तर्फबाट सहयोगको अपेक्षा राखिएको थियो । उक्त कार्यक्रममा विहारका सहसचिवले स्वागत भाषण गर्नुभएको थियो भने उपासक विष्णु शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई स्थानिय बासिन्दाहरूको तर्फबाट जलपान भोजनको व्यवस्था गरिएको थियो ।

# जीवन या परिभाषा

■ शान्तवीर शाक्य, ल.पु., नःबहाल

जीवनया परिभाषा
गथे यायेगु
छुं मदुगु थें,
छुँ मगागु थें,
याकन याकन चाः हिला च्वंगु थें
विश्राम मयासे ब्वाँय् वना च्वंगु थें
मचा जुया, आःला
तधिक जुई धुंकल
बाज्य वनां,
बुरा जुया कन्हय्
तुतां चुया जुई मालि तिनी,
रव, अयनं
जीवन खना,
संतुष्ट जुई मफु थें
न्ह्याक्को लाल कया,
न्ह्याँ वंसा नं
अन हे लाना च्वंगु थें
निराश थें
छुँ याये मफुगु थें
ज्यातुगु, तिना च्वंगु
छुँ छकुचा,
नुगलय् हे,
स्वचाना च्वंगु थें
अस्पष्ट, निशब्द
न्ह्याना वना च्वंगु लँपु थें
कन्हय् हानं,
ताहाकगु, मस्यूगु
ख्यलय् वनेमाःगु थें,
अज्ञात भय नं,
हय्य् काःवयाच्वंगु थें,
शून्यगु सर्गतय्
तूफान, ग्वफय् वया च्वंगु थें,



*अस्थाई प्रव्रजित श्रामणेरहरूका साथमा भिक्षु विशुद्धानन्द (बीचमा)*

### अस्थाई प्रव्रज्या कार्यक्रम सम्पन्न

*वैशाख २७ गते, बिहिबार।* म्याग्दी जिल्लाको सदर मुकाम बेनीमा अवस्थित बुद्ध विहारमा म्याग्दी बौद्ध संघको आयोजनामा वैशाख २४ गते देखि वैशाख २७ गते सम्म ४ दिने अस्थाई प्रवज्या कार्यक्रम सम्पन्न भएको छ। भिक्षु विशुद्धानन्दको उपाध्यायत्वमा र श्रद्धेय भिक्षु श्रद्धानन्द, र कर्मशिला गुरुमांको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा मगरजातिका ८ जना कुलपुत्र र नेवार जातिका ५ शाक्य कुलपुत्र गरी जम्मा १३ जना कूलपुत्रहरू प्रवजित भएका थिए। सो चार दिने कार्यक्रमको पहिलो दिन १३ जना कुलपुत्रहरूलाई प्रव्रजित गराई बुद्धपुजा श्रद्धेय भिक्षु श्रद्धानन्दज्युले धर्मदेशना र श्रद्धेय भिक्षु विशुद्धानन्दले सो दिन र दोश्रो दिन प्रव्रजितहरूलाई बुद्ध शिक्षा सम्बन्धी गतिविधि सिकाउनु भयो भने तेश्रो दिन भिक्षु विशुद्धानन्द लगायत १३ जना प्रव्रजित कुलपुत्रहरू बजारमा भिक्षाटन जानु भएको थियो सो भिक्षाटनमा नगद ७२२६।- चामल ५० पाथी संकलन भएको थियो। कार्यक्रमको चौथोदिन समापन लगायत प्रव्रजित हुनेहरूलाई बधाई दिई कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा प्रव्रजित हुने कुलपुत्रहरूले प्रवजित हुँदाको अनुभव र उहाँहरूको अभिभावकहरूले आफ्ना सन्ततिहरू लाई प्रव्रजित गराउँदाको अनुभवहरू सुनाएका थिए भने श्रद्धेय भिक्षु विशुद्धानन्दज्यूले प्रव्रजितको विषयमा धर्मदेशना दिनुभएको थियो। संघको तर्फबाट संघका अध्यक्ष यजन लाल शाक्यज्यूले बढाईका साथ साधुवाद दिनु भएको थियो। साथै संघको तर्फबाट प्रव्रजित हुनेहरूलाई व्यवस्था गरिएको प्रमाण-पत्र श्रद्धेय भिक्षुबाट प्रदान गर्न लगाइएको थियो। सो कार्यक्रमको अवसरमा आमन्त्रीत अतिथीहरू र उपस्थित उपासक उपासिकाहरूले प्रव्रजित गराउनु भएकोमा श्रद्धेय भिक्षुज्यूलाई र प्रव्रजित भएकोमा कुलपुत्रहरूलाई उपहार प्रदान गरि बधाई ज्ञापन गरेका थिए भने उपस्थित सम्पूर्ण महानुभावहरूलाई प्रव्रजित हुनेका अभिभावकहरूले जलपान तथा भोजनको व्यवस्था गर्नुभएको थियो।

### मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६४ ज्येष्ठ १० गते, बिहीबार।*
*स्थान- मैत्री बोधिसत्त्व महाविहार, जमल।*

मैत्री बोधिसत्त्व महाविहार जमलमा यसदिन धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनुभई बुद्ध पूजा संचालन गर्नु भएपछि सम्राट अशोकले बुद्ध धर्मप्रचार कार्यमा पुऱ्याउनुभएको योगदान विषयमा धर्मदेशना गर्नुभएको थियो। कार्यक्रममा उपस्थित सम्पूर्ण गुरुमांहरू लगायत उपासक उपासिकाहरूलाई यसदिन दिवंगत उपासिका युरीमायाको पूण्यस्मृतिमा पुष्प बहादुर, सुवर्णकेशरी चित्रकार प्रमुख सपरिवारको तर्फबाट जलपानको व्यवस्था मिलाउनुभई पूण्य संचय गर्नुभएको थियो। यसदिन स्वयम्भू ज्ञानमाला भजन खल:बाट ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो।

### बुद्धपूजा एवं धर्मदेशना

*२०६४ ज्येष्ठ १३ गते, आइतबार। बुद्धवारी, काठमाडौं।*

यसदिन बौद्ध महिला समूहद्वारा आयोजना गरिएको बुद्धपूजा कार्यक्रममा भिक्षुणी धम्मवतीले पञ्चशील प्रार्थना गराउनु भई बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो। धर्मदेशना गर्नुहुँदै उहाँले पूर्व संस्कार अनुसार धर्म चेतना उत्पन्न हुने र ज्ञानमाला भजनबाट पनि बुद्धको शिक्षा लिन सकिने कुरा बताउनुभएको थियो। उक्तदिन धर्मकीर्ति ज्ञानमाला भजनबाट भजन प्रस्तुत गरिएको थियो।

बौद्ध महिला समूहकी अध्यक्ष श्रीमती श्रीमीला



Downloaded from http://www.dhamma.digital

सुवालबाट पताचारी गुरुमांको ७५ औं जन्मदिनको उपलक्ष्यमा उहाँलाई सम्मान गरिएको उक्त समारोहमा समूहकी सचिव श्रीमती तारा शाक्यले गुरुमांको जन्मदिनकै उपलक्ष्यमा ध.बौ.ज्ञान. भजनलाई रु. १०७५।- चन्दा प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा स्व. ड्राइभर महर्जनको परिवारको तर्फबाट जलपान व्यवस्था मिलाउनु भएको थियो भने श्रीमती श्रीमीला सुवालले गुरुमांहरूलाई भोजनको व्यवस्था मिलाउनु भई पूण्य संचय गर्नुभएको थियो ।

**न्हयक्व:गु बौद्ध शिक्षा ज्ञानमाला भजन**

दि. २०६४ बैशाख २९ गते शनिवारया दिनस यल ज्ञानमाला समितिया ग्वसालय पद्मावती ज्ञानमाला भजन संघ, पदमावती महाविहार नबहाया ब्यवस्थापनय नबाहा: यलस न्हयक्व:गु बौद्ध शिक्षा व ज्ञानमाला भजन न्ह्यव्वया ज्या:झ्व: क्वचाल ।

सर्मिला शाक्यं न्ह्याकादीगु उगु ज्याझ्वले श्री आशाकाजी शाक्यं लसकुस न्वचू वियादिगु ख: । नगरमण्डप श्री कीर्तिविहार, कीर्तिपुर पाखें १ घण्टा भजन म्ये हागु मध्ये "झ्यालन फय् वल मत जक सित यो माँ झ्या: तीगु गय्," म्ये या ब्याख्या श्री पुष्परत्न शाक्य पाखें याना विज्यातसा भाजु हेमराज शाक्यं "मैत्री भाव मनमा भर्दै, अर्पण गर्छौ श्रद्धाको पुष्प वृष्टि" म्ये हाला बिज्यातसा थुगु ज्या:झ्वस यल ज्ञानमाला समितिया सचिव श्री इन्द्र मुनि शाक्य पाखें न्ह्याकुगु ऐच्छिक दान पाखें १३,३५७।७० प्राप्त जुगु दु धका कोषाध्यक्ष श्री पद्म बहादुर शाक्यं न्यंका विज्यात । अनं लिपा श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां पाखें बुद्धं बुद्धत्व प्राप्त याना न्हेगु सप्ताह तक ज्ञानया प्रत्यक्ष अनुभव याना अनेक मार पाखें विचलित जुया विमज्या:गु ख: धैगु बारे कना विज्यात । वया लिपा सहभागिपिनी पाखें भजन खल: दिपंकर ज्ञानमाला ख्वप पवित्रकुटी विहार ज्ञानमाला पाँगा, महानजल पुष्करणीय ज्ञानमाला थेचो, धर्मकीर्ति ज्ञानमाला न:घ:यें Y.M.B.A. ज्ञानमाला, अक्षेश्वर महाविहार ज्ञानमाला यल पाखें भजन प्रस्तुत जूगु ज्या:झ्वस् यल ज्ञानमाला समितिया अध्यक्ष ज्ञानबहादुर शाक्यं सुभाय् न्वचू विया विज्यातसा आठौं बौद्ध शिक्षा व ज्ञानमाला भजन न्ह्यव्वया ज्या:झ्व:या ब्यवस्थापक पाखें नगरमण्डप श्रीकीर्तिविहार, किपुया धनकृष्ण महर्जनं थज्यागु ज्या:झ्व: या मूल्यांङ्कनयाना हाकनं हाकनं ध्वयात न्ह्याकेमा:गु विचा: प्वंका दिल, अन्ते पुण्यानुमोदन याना ज्या:झ्व: क्वचागु जुल ।

**नगदेश बौद्ध समूहको चौथो अधिवेशन**

*२०६४ ज्येष्ठ १८ गते, शुक्रबार ।*

नगदेश बौद्ध समूहको चौथो अधिवेशन सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार भिक्षु अश्वघोष महास्थविरको विशेष आतिथ्यमा र माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री पृथ्वी सुब्बा गुरूङ्गको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा बुद्ध पूजा एवं पञ्चशील प्रार्थना पछि नगदेश बौद्ध समूह एवं नगदेश बुद्ध विहारको उन्नति र प्रगतिको लागि रु. २५,०००।- भन्दा बढि आर्थिक सहयोग गर्नुहुने दाताहरूलाई प्रमुख अतिथीज्यूबाट सम्मान स्वरूप खादा ओढाई सम्मान पत्र प्रदान गरिएको थियो ।

सम्मानित व्यक्तिहरू यसरी रहनुभएका थिए- श्रद्धेय भिक्षु संवेजकीर्ति, उपासकहरू संघरत्न शाक्य, अष्टकुमार कवे, न्हुच्छेकुमार सिंकेमन, उपासिकाहरू लक्ष्मीप्रभा कंसाकार, देवशोभा कंसाकार, धर्मशोभा तुलाधर आदि ।

उपासक कृष्ण कुमार प्रजापतिले ४ वर्षको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्नुहुने व्यक्तिहरू यसरी रहनु भएका थिए- वखत बहादुर चित्रकार, लोक बहादुर शाक्य, विष्णु रत्न शाक्य, संघरत्न शाक्य, आदि ।

प्रमुख अतिथीको आसनबाट बोल्नुहँदै मन्त्री गुरूङ्गले प्रत्येक विहार भनेको प्रत्यक्ष अप्रत्यक्ष रूपले लुम्बिनीसंग सम्बन्धित रहेको र लुम्बिनी बुद्ध धर्मावलम्बिहरूको केन्द्र रहेकोले यसको उन्नति र प्रगति कार्यमा नेपालको गौरव र प्रतिष्ठा गाँसिएको हुने विषयमा चर्चा गर्नुभएको थियो ।

यसरी नै श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै बौद्ध व्यक्तित्त्व तयार गर्नु भन्दा "असल मानिस" तयार गर्न सकेमा मात्र देशले उँभो लाग्न सक्ने विचार व्यक्त गर्नुभएको थियो ।

उपासक न्हुच्छे कुमार सिंकेमनको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा रामभक्त हाँय्जुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

बन्द सत्रमा न्हुच्छे कुमार सिंकेमनको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति अर्को चार वर्षको लागि चुनिएको थियो । सो कार्यसमितिमा उपाध्यक्ष दीपक राज साँपाल, कोषाध्यक्ष रामभक्त हाँय्जु, सचिव कृष्ण कुमार प्रजापति र सदस्यताहरूमा क्रमश: पञ्चनरसिंह बाडे, कृष्ण माया

बाडे, धर्म केशरी धुँमन, पूर्णमान कवाडी, बाबुराम दुवाल, कृष्ण बहादुर बाडे, गणेश हरी प्रजापति, पञ्चबहादुर कोजु, राजकुमार मेजु, तुल्सी राम बाडे र लक्ष्मी कृष्ण तको आदि रहनु भएका थिए।

## युवक बौद्ध मण्डलको गोष्ठी एवं स्मृतिसभा

युवक बौद्ध मण्डलको गोष्ठी एवं स्मृति सभा यसरी सम्पन्न भएको समाचार प्राप्त भएको छ।

*२०६४ बैशाख २८ गते, बिहिबार।*

*स्थान- कार्यक्रम, सुझाव संकलन गोष्ठी।*

यस मण्डलको उपसमिति, क्लब २५ का अध्यक्ष विश्व वज्राचार्य को अध्यक्षतमा सचिव उजय वज्राचार्यबाट स्वागत गरी क्लब २५ ले युवा नवयुवाहरूले गर्न सक्ने कुशल कार्यहरू के के हुन् र के के गर्न उचित हुनेछ भनी सुझाव माग्ने कार्य गरी सुझाव संकलन गोष्ठि सम्पन्न गरिएको थियो। उपस्थित मण्डलका अध्यक्ष, भू.पू. अध्यक्ष र सल्लाहकारहरूबाट उचित सम्भावित एवं अपरिहार्य कार्यक्रमहरू निरन्तर सञ्चालन गर्नुपर्ने सल्लाह प्रस्तुत गर्नुभएको थियो।

*२०६४ बैशाख २९ गते, शनिबार।*

*स्थान- कार्यक्रम स्मृतिसभा।*

बौद्ध विद्वान प्रा.आशाराम शाक्यको मिति २०६४।१।११ गतेका दिन निधन भएकोले स्मृतिसभा सम्पन्न गरिएको थियो। उक्त सभामा सामूहिक शील प्रार्थना बुद्ध वन्दना पछि उपाध्यक्ष सुरेन्द्र शाक्यबाट स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो।

दिवंगत प्रा. आशाराम शाक्यको तस्विरमा सबैबाट फूल अर्पण गरी श्रद्धाञ्जली चढाइसकेपछि श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्नुहुने व्यक्तिहरू यसरी रहनुभएका थिए-

धर्मोदय सभाका महासचिव, सुचित्रमान शाक्य, यु.बौ. मण्डलका पूर्व अध्यक्ष चन्द्रमान शाक्य, पूर्व अध्यक्ष, हेमबहादुर शाक्य र वरिष्ठ सल्लाहकार वेखारत्न शाक्य आदि। अन्त्यमा सभापति अध्यक्ष सानुराजा शाक्यले धन्यवाद व्यक्त गर्नुहुँदै पुण्यानुमोदन गर्नुभई कार्यक्रम सम्पन्न गर्नुभएको थियो।

## आश्रव मदयेकेगु देशना

*यल वछलागा १३,*

लायकूली च्वंगु विश्वमैत्री विहारय् पञ्चशील ग्रहण व बुद्ध पुजा लिपा जूगु बौद्ध सभाय् भिक्षुणी सुजातानं काम, भव, भिथ्यादृष्टि, आदिया पाखें पिदनीगु क्लेश रुपि आश्रव यात चतुरार्य सत्य खंका मदयेके माःगु धर्म देशना याना विज्यात।

दिलशोभां दानयायेगुलिइ जक श्रद्धा तयेगु मखु धर्म देशना न्यनेगु, मां बौ अतिथी पिन्त आदर सन्मान यायेगु पाखेनं श्रद्धा दयेके माल धयादीगु ज्याझ्वलय् वंगु संल्हूया धर्म देशना लुमंका कनादीपिं इन्द्र शोभा व बोधिरत्न पिन्त गुरुमांनं सिरपा लल्हाना विज्यात।

विश्वमैत्री विहार पलिस्था यापिं ललितपुर बुद्ध जयन्ती कोषया अध्यक्ष हनेवहम्ह प्रा. आशाराम शाक्य दिवंगत जुयाबिज्यागुलिं वसपोलया पुण्यस्मृतिस छगू मिनेट मौन धारण याना श्रद्धाञ्जली अर्पण यागु जुल।

## बुद्ध आज भए......

मेधावती

बुद्ध तिमी सामु भए आज
मैले यस्तो प्रश्नहरू गर्थें आज
सत्य बोल्ने-धर्म गर्ने पछि पर्छ आज
हिंसा, झुठ, चोरी, डकैती अमानवीय अघि किन आज

भगवान तिमी सामु भए आज
मान्छे को हो ? पशु के हो ? आज
सत्य के हो ? झुठ के हो ? आज
खोज्दा खोज्दै चिन्न गाह्रो भो किन ? आज।

शास्ता तिमी सामु भए आज
धर्म के हो, पाप के हो ? आज
असल मान्छे अरु पाइएन आज
स्वच्छ र पवित्र चिन्न र बुझ्न गाह्रो किन आज।

सम्यक् सम्बुद्ध सामु भए आज
गाउँ, ठाउँ र देश बदलियो आज
वस्त्र वदलिए रूप बदलीए आज
चित्त र चेतसिक बदलियो किन ? आज

तथागत तिमी सामु भए आज
सारा मानव अनुहार एउटै देख्छु आज
जहाँ जाउँ त्यहाँ उस्तै दुःख र अशान्ति आज
प्रकृति त वदलिन्छ तर विवेक र बुद्धि वदलेन आज

सम्यक सम्बुद्ध सामु भए आज
धेरैले भन्छन् मैले सबै एक्लैले गर्छु भन्ने आज
जसले सबै जान्दछ बोल्दछ, व्यवहारमा किन छैन आज
अहम र दमन गर्नेहरू मात्र किन अगाडि आज





Downloaded from http://www.dhamma.digital

# परियत्ति सिरपा देछा समारोह

अखिल नेपाल भिक्षु महासंघपाखें सञ्चालित नेपाल बौद्ध परिपत्ति शिक्षाया बु.सं. २५५० या परियत्ति सिरपा देछा समारोह विभिन्न केन्द्र पाखें सम्पन्न जूगु समाचार थुकथं प्राप्त जूगु दु ।

*२०६४ ज्येष्ठ १९ गते, शनिबार ।*

*स्थान- ध्यानकुटी विहार बनेपा ।*

भाजु जगतरत्न कसा: नं लसकुन न्वचु वियादीगु थुगु ज्याझ्वले भिक्षु अश्वघोष महास्थविर, पूर्व मेयर (वनेपा) डा. सुरेन्द्र बहादुर बाडे श्रेष्ठ व भिक्षु कौण्डञ्ञ पाखें मन्तव्य व्यक्त यानाविज्यागु ख: । अथेहे मेपिं वक्तापिनि नामावली थुकथं उल्लेख जुयाच्वंगु दु । परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, परिक्षार्थी मयूजु ललिता धाख्वा, रत्न बहादुर राजकर्णिकार (अध्यक्ष ज्ञानमाला भजन खल: स्वयम्भु), विणा कसा: (बौद्ध महिला संघ), द्रव्यमान सिंह (प्रमुख अतिथी) आदि । देशरत्न कसा: पाखें सुभाय् देछा:गु उगु ज्याझ्व: सभापति पाखें सभा विसर्जन याना क्वचायकूगु ख: ।

उगु ज्याझ्वले उत्तीर्ण विद्यार्थी पिन्त, भिक्षु अश्वघोष महास्थविर, दाता उपासक उपासिकापिं, भाजु द्रव्यमानसिंह तुलाधर, पुष्परत्न तुलाधर आदिपिसं सिरपा, दसिपौ लगायत खादागा आदि देछा:गु खँ समाचारे उल्लेख जुयाच्वंगु दु ।

## बु.सं. २५५० उपहार तथा नगद पुरस्कार

| क्र.सं. | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | पुरस्कार विवरण | पुरस्कार दातापिं |
|---|---|---|---|---|---|---|
| १. | ललिता धाख्वा | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | १० | बोर्ड प्रथम | रु. १०,०००।- | स्वयम्भू धर्म पासा पुच: |
| २. | मोनिस शाक्य | दीपंकर | ९ | द्वितीय | रु. १,०००।- | प्रकाश तुलाधर |
| ३. | पुष्पाञ्जली शाक्य | शाक्यसिंह परियत्ति शिक्षालय, थैना | ८ | द्वितीय | रु. १०००।- | देशरत्न कसा: |
| ४. | अनागारिका अनुला | सुलक्षणकीर्ति विहार, चोभार | ७ | बोर्ड प्रथम | रु. १५००।- | ईश्वरीदास मधिक:मि |
| ५. | पद्मा नकर्मि | धर्मकीर्ति विहार, श्रीघ | ६ | बोर्ड प्रथम | रु. ५००।- | सानुमैया तुलाधर |
| ६. | अर्बिन्द्र तुलाधर | अमरापुर विहार, बुङ्गमति | ५ | बोर्ड प्रथम | रु. ५००।- | सानुमैया तुलाधर |
| ७. | पुनम थापा | आनन्दकुटी विहार, स्वयम्भू | ४ | बोर्ड प्रथम | रु. ५००।- | पुष्पमान डंगोल |
| ८. | संगिना वज्राचार्य | विश्वशान्ति विहार, मीनभवन | ३ | बोर्ड प्रथम | रु. ५००।- | पूण्य शाक्य |
| ९. | अनिता बुद्धाचार्य | आनन्दभूवन विहार, स्वयम्भू | ३ | बोर्ड द्वितीय | रु. ४००।- | संगीता |
| १०. | सुनिता बज्राचार्य | बुद्ध विहार, विराटनगर | ३ | बोर्ड तृतीय | रु. ३००।- | संगीता |
| ११. | संगिता त्वायना | मुनि विहार, भक्तपुर | २ | बोर्ड प्रथम | रु. ५००।- | जगतरत्न कसा: |
| १२. | अञ्जु महर्जन | भास्सरा मा.वि., पूर्णचण्डी | २ | बोर्ड द्वितीय | रु. ३००।- | हेराप्रभा कसा: |
| १३. | प्रनेश शाक्य | शाक्यसिंह परियत्ति शिक्षालय, थैना | २ | बोर्ड तृतीय | रु. २००।- | हेराप्रभा कसा: |
| १४. | अनुराधा वज्राचार्य | आनन्द विहार, पाल्पा | १ | बोर्ड प्रथम | रु. ५००।- | ईश्वरीदास मधिक:मि |
| १५. | रीया सुवाल | बोधिचर्या विहार, बनेपा | १ | बोर्ड द्वितीय | रु. ३००।- | हिरादेवी डंगोल |
| १६. | प्रमिता शाक्य | यशोधरा मा.वि. थैना | १ | बोर्ड तृतीय | रु. २००।- | ईश्वरीदास मधिक:मि |

## निवन्ध तथा वक्तृत्वकला प्रतियोगिता

२५५१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा मैत्रेय युवा संघको आयोजनमा आन्तरिक युवावर्गको बौद्धिक स्तर विकास गर्नको लागि बुद्ध धर्म सम्बन्धि वक्तृत्व तथा निबन्ध प्रतियोगिताको समापन तथा पुरस्कार वितरण जेठ ५ गते जयकीर्ति महाविहार थथुबहिमा संघका अध्यक्ष तिर्थराज वज्राचार्यको सभापतित्वमा सम्पन्न गरिएको समाचार छ।

पञ्चशील प्रार्थना गरी शुरु भएको उक्त कार्यक्रममा श्रद्धेय भिक्षु धम्मसोभन महास्थविरले प्रतियोगिहरूलाई प्रमाण-पत्र तथा उपहार वितरण गर्दै श्रद्धेय भन्तेले आचरणको महत्व विषयमा प्रवचन गर्नुभएको थियो।

उक्त अवसरमा निवन्ध प्रतियोगीताका निर्णायक कृष्ण कुमार प्रजापति वक्तृत्वकला प्रतियोगिताका निर्णायकद्वय श्रीमति रीना तुलाधर, श्रीमति जुनु वासुकलाले युवा वर्गको क्षमता विकासका लागि आयोजित यस कार्यक्रम प्रशंसनिय भएको बताउनु भयो।

सो अवसरमा विजयी प्रतियोगिताहरूलाई ओरियण्टल को-अपरेटिभ भक्तपुरको विजय तुलाधर र बौद्ध संघका अध्यक्ष संघ रत्न शाक्यले नगद पुरस्कार प्रदान गर्नुभएको थियो।

निवन्ध प्रतियोगितामा प्रथम, संगिता कोजु, द्वितीय सन्जिना शाक्य, तृतिय रोहिता वज्राचार्य, चौथौं र पाँचौं क्रमशः रोजिना वज्राचार्य र मल्लिका वज्राचार्य रहनु भएका थिए। वक्तृत्व प्रतियोगितामा प्रथम, शारदा शिल्पकार द्वितीय आस्था शाक्य, तृतिय विषुन शाक्य, रहनुभएका थिए। यसरी नै उक्त प्रतियोगितामा अनु वज्राचार्य, बविता शाक्य, सविता वाटि, रोजिना शाक्य, सानिका वज्राचार्यले भाग लिनुभएका थिए।

अध्यक्ष तिर्थराज वज्राचार्यले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा संघका कोषाध्यक्ष रुद्र चित्रकारले स्वागत मन्तव्य र सहसचिव कृष्ण चन्द्र वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने श्रृजना वज्राचार्य र राजु वज्राचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

## २५५१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा जलपान कार्यक्रम

*२०६४ ज्येष्ठ १९ गते, शनिबार ।* भगवान् शाक्यमुनि गौतम बुद्धको जन्म, बुद्धत्व लाभ तथा महापरिनिर्वाण (२५५१ औं) बुद्ध दिवस बैशाख पूर्णिमाको शुभ-उपलक्ष्यमा पहिलो पल्ट सार्वजनिक रूपमा मरू चिबाहाःख्यः, विष्णुमतीमा यस "चिबाहाः बौद्ध समाज" ले आयोजना गरिएको "जलपान कार्यक्रम" भव्यताका साथ सम्पन्न भयो।

पद्मसुगन्ध विहार र धर्मकीर्ति विहारका प्रमुख भिक्षु सुमेध धिर महास्थविर र भिक्षुणी धम्मवती, मैत्री एफ.एम. का मैत्रीवाणीका संचालक श्रामणेर अशोक, गुरुमांहरू विशिष्ट व्यक्तित्वहरूमा ल.पु. न.पा.का पूर्व मेयर श्री बेखा रत्न शाक्य, ग्रन्थकार विद्वान श्री दुण्डबहादुर वज्राचार्य, डा. गणेश माली, डा. सुवर्णलाल वज्राचार्य, वरिष्ठ पत्रकार श्री ईश्वरलालसिंह, धर्मोदय सभाका वरिष्ठ उपाध्यक्ष, पूर्वमन्त्री, लु.वि.कोका पूर्व उपाध्यक्ष श्री ओमकार प्रसाद गौचनज्यू लगायत गन्यमान्य व्यापारी, टोलवासी गरी चारसय जना आमन्त्रित पाहुनाहरूको गरिमामय उपस्थिति भएको थियो।

लुम्बिनीमा सिद्धार्थ गौतमको जन्म, बुद्धत्व लाभ तथा महापरिनिर्वाणको दृश्यले सजिएको कार्यक्रम स्थलमा जनसमुदायको उल्लेख्य उपस्थिती देखिन्छ।

चि.बौ.स. अध्यक्ष श्री भानु शाहीबाट स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा श्रद्धेय भिक्षु सुमेध धिर महास्थविरज्यूबाट बोधिमत (दीप) प्रज्वलन गर्नुभएको साथै स्थायी बुद्ध झण्डा स्तम्भको उद्घाटन गर्नुभएको थियो। पहिलो पल्ट "त्रिशरण गमण=यो वदतं पवरो मनुजेसु" गाथा को संगीतबद्ध गरी प्रस्तुत गरियो। यसको संगीत श्री मानकृष्ण "वावा" ज्यूले दिनुभएको थियो।

जलपान कार्यक्रमको अन्तमा ढल्को स्थित "सेक्रेडहर्ट ईंग्लीश स्कूलका स-साना ७ जना वालिकाहरूबाट "फूलको आँखामा फूलै संसार" भन्ने चर्चित गीतमा वालनृत्य प्रस्तुत गरियो।

समाजका उपाध्यक्ष श्री पूर्ण प्रसाद शाहीबाट धन्यवाद ज्ञापन गरिएको उक्त कार्यक्रममा सचिव सुश्री सुधा शाहीबाट कार्यक्रम संचालन गरिएको थियो।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३४२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं। फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५९६७८

Downloaded from http://www.dhamma.digital